
मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

‘आर्थिक सुधारका कार्यक्रमलाई उच्च महत्व दिएका छौं’
समाचार पृष्ठ ५ मा



वर्ष ३ | अंक १८० | २०८२ साल वैशाख ३१ गते बुधबार | Wednesday 14, May 2025 | सूर्योदय: बिहान ५:१८ बजे | सूर्यास्त: साँझ ६:४५ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## रेल सेवा विकास र विस्तारमा लगानी आह्वान

**मधेशदृष्टि**
**काठमाडौं ।**
सरकारले नेपालमा रेलसेवामा लगानी गर्न आग्रह गरेको छ । भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले नेपालमा रेल सेवाको विकास र विस्तारमा ढुक्क भएर लगानी गर्न आग्रह गरेका हुन् ।
दक्षिण कोरियाली रेल कम्पनी कोरेलका प्रतिनिधिसँगको भेटमा उनले रेल सेवा नेपाल सरकारको पनि प्राथमिकताको विषय भएका भन्दै लगानीका लागि आग्रह गरेका हुन् । मन्त्री दाहालले यहाँका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय गन्तव्यलाई लक्षित गरी रेल सेवा विस्तारको अध्ययन, अनुसन्धानका लागिसमेत आग्रह गरे । लामो तथा छोटो दूरीको रेल सेवा विस्तारका लागि नेपालले लगानीको वातावरण बनाइरहेको उल्लेख गर्दै उनले लगानीका ‘मोडल’ बारे छलफल गर्न सकिने उल्लेख बताए ।
मन्त्रालयका सचिव केशवकुमार शर्माले नेपालमा जलविद्युत् उत्पादनको प्रचुर सम्भावना रहेकाले विद्युतीय रेलमार्ग विस्तार उपयोगी हुने बताए । लगानी बोर्डका कार्यकारी अधिकृत सुशील ज्ञवालीले नेपालमा रेल मार्गको विकास र विस्तारका लागि दुवै देशका विज्ञहरू मिलेर विभिन्न मोडलमा अध्ययन गरिने बताए । त्यसका लागि केही दिनभित्रै दुवै देशका विज्ञ सम्मिलित कार्यदल गठन गरिने उनले जानकारी दिए । छलफलमा रेल विभागका महानिर्देशक अजय मूलले नेपालमा रेलमार्ग विकासका लागि विभिन्न साझेदारहरूसँग छलफल भइरहेको बताए ।
कोरियाली प्रतिनिधिमण्डलको नेतृत्व गरेका कोरेलका प्रमुख कार्यकारी हान मुन हीले १ सय २६ वर्ष पुरानो कम्पनीले विश्वका विभिन्न देशमा रेलमार्ग विकास र विस्तारका लागि कार्य गर्दै आएको बताए । नेपालमा अध्ययन तथा लगानीका लागि नेपाली पक्ष र कोरेलबीच विश्वासको वातावरण बनाई थप कार्य अघि बढाउन सकिने उनको भनाइ थियो ।

## ट्रेड रेल चलाउन पहल जरुरी





नेपाल रेल्वे सेवाका प्रबन्ध निर्देशक निरञ्जन झाले नेपालमा सञ्चालित रेल यात्रुरेलका रुपमा मात्र सञ्चालन हुँदा नाफामुखी हुन नसक्ने बताएका छन् । मधेशदृष्टिसँगको कुराकानीमा प्रबन्ध निर्देशक झाले भने, ‘हामीले यात्रुबाहक रेल चलाउँदा नेपाल र भारतका यात्रुलाई सुविधा पुगे पनि यो नाफामा जानसक्दैन, नेपालमा मात्र होइन, कहीँ पनि यात्रुबाहक रेल नाफामा छैनन्, नाफामा जानका लागि व्यापारिक उद्देश्यका (ट्रेड) रेल नै चलाउनु पर्छ ।’ जनकपुर जयनगर रेल सञ्चालनले दैनिक ४ हजार भन्दा बढी नागरिकलाई सेवा पुगे पनि नाफामा नगएको प्रसंग बारम्बार उठेपछि उनले यस्तो बताएका हुन् ।
उनले भने, ‘प्यासेन्जरका भरमा रेल नाफामा जान सक्दैन, टे«ड रेल चलाउन दुई देशबीच सहमति हुनुपर्छ, केन्द्र सरकारबाटै यसका लागि नीति निर्माणमा पहल हुनुपर्छ ।’ उनले यसका लागि पटकपटक केन्द्र सरकारको ध्यानाकर्षण गराइएको र टे«ल रेल चलाउन सकिने सम्भावना खोज्न आफूले पहल गरिरहेको बताए । रेललाई सर्वसुलभ, सेवामुखी र सहज ढंगले चलाउने वातावरणसँगै व्यापारिक रेल चलाउन सकेन यात्रुबाहक रेलको पनि क्षति त्यसबाट भरण हुन सक्ने झाले बताए ।
विसं १९८४ मा चन्द्र शमशेरको शासनकालमा स्थापित नेपाल गभर्मेन्ट रेलवे भारतको रक्सौलदेखि नेपालको अमलेखगंजसम्म ३९ किलोमिटर रेलवे निर्माण गरी सञ्चालनमा थियो । काठमाडौंबाट भारत जान वा उताबाट नेपाल आउँन, विशेषगरी काठमाडौं जानका लागि अमलेखगंजसम्म रेल सेवा प्रयोग हुन्थ्यो । त्यहाँबाट भीमफेदी हुँदै काठमाडौंसम्म पुग्न या त घोडामा वा हिँडेर गइन्थ्यो । त्रिभुवन राजपथको निर्माणसँगै वीरगंजबाट सिधै काठमाडौं जाने गाडी चल्न थालेपछि यात्रुको रोजाइमा रेल भन्दा पनि सडक यातायत पर्न थाल्यो । फलस्वरूप यात्रु पाउँन छाडेपछि रेलसेवा विसं २०२२ मा बन्द भयो ।
नेपालमा पहिलो रेल सञ्चालन भएको ठीक १० वर्षपछि अर्थात् विसं १९९४ सालमा दोस्रो रेलका रुपमा बिहारको जयनगरबाट जनकपुर हुँदै महोत्तरीको बिजलपुरासम्म ५२ किलोमिटर सञ्चालन भयो । दुवै रेल स्टिम (कोइलाबाट चल्ने) इञ्जिनले सञ्चालन भइरहेको थियो । जयनगर–जनकपुर–बिजलपुरा रेलवे तत्कालीन बेलायती सरकारले नेपाली भूमिबाट जडीबुटी र काठ ओसार्न निर्माण गरेको थियो । मालवाहक रेलमै कामदार चढ्न डब्बा (बग्गी) पनि बनाइएको थियो । यस क्षेत्रका जंगल मासिएपछि सोही रेल यात्रुबाहक रुपमा सञ्चालन हुन थाल्यो ।
शुरुमा कोइलाबाट चल्ने रेलको इञ्जिन फेरेर डिजलबाट चल्ने बनाइयो । धनुषाको दक्षिणी भेगलाई भारतीय बजार जयनगरसँग जोड्न र जिल्लाको पूर्वी क्षेत्रलाई धनुषाको सदरमुकाम जनकपुरसँग जोड्न एकमात्र भरपर्दो साधनका रुपमा रेलसेवा सञ्चालन भइरहेको थियो । थप रेल मार्ग निर्माण सम्पन्न हुँनासाथ नेपाल रेल्वेको यात्रु सेवा निकट भविष्यमा बर्दिबास हुँदै निजगढ अनि सिमरासम्म विस्तार हुने अपेक्षा छ । हाल यात्रु सेवा मात्र सञ्चालन गर्दै आएको नेपाल रेल्वेले विराटनगर–बथनाह रेल मार्गमा माल ढुवानी सेवा सञ्चालन गर्ने योजना पनि छ ।

## सामुदायिक विद्यालयमा मुख्यमन्त्रीः ठूला भवनमा कमसल पढाइ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा सामुदायिक विद्यालयको शिक्षाको गुणस्तरप्रति गम्भीर गुनासो उठिरहेका बेला प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह आफैँ विद्यालय अनुगमनमा उत्रिएका छन् । मंगलबार बिहान धनुषाको हंसपुर नगरपालिकास्थित दुई विद्यालयमा उनी आकस्मिक निरीक्षणमा पुगे । उनले शिक्षाक्षेत्रमा फैलिएको लापरबाही, अनियमितता र बेथिति सार्वजनिक गरे ।
हंसपुर–२ स्थित राष्ट्रिय प्राथमिक विद्यालय बघचौडाको अनुगमनक्रममा मुख्यमन्त्री सिंहले गम्भीर अनियमितता फेला पारेको तथ्य बाहिर ल्याए । उनले विद्यालयमा नाम मात्रको विद्यार्थीको विवरण राखेर छात्रवृत्ति तथा खाजा सुविधा लिने प्रवृत्तिले प्रदेशभर शिक्षाको आधारभूत संरचनालाई बदनाम गरिरहेको आरोप लगाए । ‘कागजमा देखाइएका विद्यार्थीहरू निजी विद्यालयमा पढ्छन्, तर सरकारी सुविधा यहीँबाट लिन्छन्, यो सरासर धोका हो,’ मुख्यमन्त्री सिंहले भने । मुख्यमन्त्री सिंहले शिक्षाको गुणस्तर गिरावटप्रति गहिरो चिन्ता व्यक्त गर्दै भने, ‘पहिले भवन थिएन, पढाइ राम्ररी हुन्थ्यो । अहिले पक्की भवन छन्, तर शिक्षाको स्तर खस्किएको छ । अब सोच्ने समय आएको छ ।’
उनले विद्यालयका शिक्षक, व्यवस्थापन समिति, पालिकाका जनप्रतिनिधि र अभिभावकसँग छुट्टाछुट्टै छलफल गर्दै समस्या समाधानको साझा उपाय खोज्न आग्रह गरे । उनले शिक्षकहरूलाई नियमित तयारीसहित कक्षा सञ्चालन गर्न, विद्यार्थीलाई गृहकार्य दिन र अभिभावकले पनि विद्यालयको गतिविधिप्रति निगरानी राख्न जरुरी भएको विषय उजागर गरे ।
शिक्षाविद् गुरु सुवेदीले विद्यालयमा नक्कली विद्यार्थीको विवरण राखी सरकारबाट छात्रवृत्ति, खाजा, शैक्षिक सामग्रीलगायत ६–७ वटा शीर्षकमा रकम निकासा गर्ने कार्यलाई सरासर भ्रष्टाचार भन्दै तीव्र आलोचना गरे । ‘यस्ता कार्यमा संलग्न शिक्षक र कर्मचारीलाई भ्रष्टाचार मुद्दा लगाएर कारबाही गर्नुपर्छ,’ सुवेदीले भने । मुख्यमन्त्री सिंहले पनि यो गम्भीर विषय भएको उल्लेख गर्दै प्रदेश शिक्षा निर्देशक महेन्द्र महतोमार्फत सम्बन्धित निकायमा औपचारिक पत्राचार गर्न निर्देशन दिएका छन् ।
मुख्यमन्त्री सिंहले सोही दिन हंसपुर–८ स्थित मिथिला तिलक नन्दकुमारी कार्की माध्यमिक विद्यालय पनि निरीक्षण गरे । उनले अत्यधिक विद्यार्थी चाप रहेको विद्यालयमा आधारभूत संरचना, विशेषगरी शौचालयको अभावप्रति दुःख व्यक्त गरे । ‘शौचालयजस्तो आधारभूत सुविधा पनि नहुँदा विद्यार्थीको स्वास्थ्य र गरिमा दुवैमा असर पर्छ,’ उनले भने । नगरपालिकाकी उपप्रमुख दुर्गीदेवी मण्डलले विद्यालयमा शौचालय निर्माणका लागि बजेट निकासा भइसकेको र चालु आर्थिक वर्षभित्रै निर्माण सम्पन्न हुने आश्वासन दिइन् । मुख्यमन्त्री सिंहले शिक्षा क्षेत्रको सुधारका लागि अनुगमन प्रक्रिया अझ तीव्र बनाइने बताए । उनले भने, ‘यदि सुधार आएन भने अनुदान कटौती गर्नु सरकारको बाध्यता हुनेछ ।’
शिक्षा क्षेत्रमा सुधार ल्याउनु अहिलेको सरकारको प्राथमिकतामा रहेको र यसअघि उनी आफैँले अस्पताल र होटलको पनि अनुगमन गरिसकेको उल्लेख गर्दै अब शिक्षा र स्वास्थ्यमा आमूल परिवर्तन ल्याउनुपर्ने बताए । एक महिनाअघि मात्रै प्रदेश शिक्षा तथा संस्कृति मन्त्रालयले मधेश प्रदेशका १ सय ३६ वटै पालिकालाई सामुदायिक विद्यालयको शिक्षण प्रणाली सुधारका लागि विशेष सल्लाह तथा निर्देशन पठाएको थियो ।

## नेपालका कारागारमा क्षमताभन्दा १० हजार बढी कैदीबन्दी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपालका ७५ कारागारमा १८ हजार ५ सय ७२ कैदीबन्दी राख्ने क्षमताको तुलनामा २९ हजार १२ कैदीबन्दी छन् । कारागार व्यवस्थापन विभागका महानिर्देशक नारायण प्रसाद भट्टराईका अनुसार सरदर १ सय जनाको बसोबास क्षमतायुक्त कारागारमा १ सय ५६ जनासम्म कैदीबन्दी बस्न बाध्य छन् ।
भट्टराईले विराटनगरमा आयोजित नवनिर्मित कारागार भवनको उद्घाटन समारोहमा यस्तो जानकारी दिएका हुन् । समारोहमा गृहमन्त्री रमेश लेखक प्रमुख अतिथि थिए । मोरङस्थित कारागारको नयाँ भवन निर्माणपछि पनि कैदीबन्दीको चाप घटेको छैन । कारागारमा ९ सय ३२ पुरुष र १ सय ९ महिलासहित १ हजार ४१ कैदीबन्दी छन् । साथै, ३ जना आश्रित बालबालिकासमेत बसिरहेका छन् । यो संख्या नयाँ र पुरानो भवनको संयुक्त ६ सय १७ जनाको क्षमताको तुलनामा झण्डै दोब्बर हो ।
मोरङ कारागार प्रमुख गौरव ढुंगेलका अनुसार नयाँ भवन निर्माण भए पनि अत्यधिक भीडले समस्या यथावत् छन् । भवनमा पुरुष २ सय १८ र महिला ९९ सहित ३ सय १७ जनाको क्षमता थप गरिएको छ । अब ४ सय ६८ पुरुष र १ सय ५९ महिला बस्न सक्छन् ।
सरकारले कारागारलाई सुधारगृहको रूपमा विकास गर्ने लक्ष्य लिएको छ । नवनिर्मित भवनमा योग अभ्यासका लागि छुट्टै कक्ष, मानसिक स्वास्थ्यमा सहयोग पु¥याउने ध्यान अभ्यास, समाजिक परामर्श सेवाका साथै स्वास्थ्य उपचारका कार्यक्रमहरू सञ्चालन गरिने तयारी छ । भट्टराईका अनुसार, कैदीहरूलाई कुनै इलममा संलग्न गराउँदा उनीहरूको मानसिक तनाव कम हुन्छ ।
उनीहरूले केही सीप सिकेर बाहिर गएपछि व्यवसायिक जीवन शुरु गर्न सक्छन् । कारागारभित्रै गलैँचा बुन्ने, मुढा बनाउने, फर्निचर तथा हस्तकलाका सामग्री निर्माण गर्ने कार्यमा कैदीबन्दी संलग्न छन् । सरकारले यी कार्यक्रमलाई थप व्यवस्थित गर्दै उद्यमशीलता विकास कार्यक्रमसँग जोड्ने योजना बनाएको छ ।

## विषाक्त मदिरा पिउँदा २१ जनाको मृत्यु



**एजेन्सी**
**भारत ।**
उत्तर क्षेत्रको पञ्जाब राज्यको अमृतसरमा अवैध रक्सी सेवनका कारण २१ जनाको निधन भएको छ भने थप १० जना गम्भीर अवस्थामा अस्पतालमा उपचाररत छन् । भारतमा वर्षेनी सैयौँ मानिसले घरेलुस्तरमा बनाइने सस्तो रक्सी सेवन गर्दा ज्यान गुमाउने गरेका छन् ।
यस्ता रक्सीलाई अझै बलियो बनाउने उद्देश्यले मेथानोल मिसाउने गरिन्छ, जसले आँखाको दृष्टि गुम्न, कलेजोमा क्षति र मृत्युसम्म निम्त्याउन सक्छ । घटना सोमबार राति अमृतसरको पाँच वटा गाउँमा भएको हो । मेथानोल मिसाइएको रक्सी सेवन गरेपछि स्थानीय बिरामी परेका थिए ।
वरिष्ठ प्रहरी अधिकारी मनिन्दर सिंहका अनुसार २१ जनाको ज्यान गएको पुष्टि भएको छ । घटनापछि प्रहरीले ९ जनालाई पक्राउ गरेको छ । पञ्जाब प्रहरीले सामाजिक सञ्जाल ‘एक्स’ मार्फत जानकारी दिँदै घटनाको विस्तृत छानबिन भइरहेको र दोषीलाई कानूनी दायरामा ल्याइने जनाएको छ । पञ्जाबका मुख्यमन्त्री भगवन्त मानले घटनामा संलग्न सबैलाई कडा कारबाही गरिने चेतावनी दिए । गत वर्ष मात्रै पनि भारतको दक्षिणी राज्य तामिलनाडुमा यस्तै घटनामा ५३ जनाको मृत्यु भएको थियो ।

## हुलाक बचत बैंकमा ५ करोड हिनामिना

**मधेशदृष्टि**
**बारा ।**
हुलाक बचत बैंकअन्तर्गत सेवा लिँदै आएका सर्वसाधारणको करोडौँ रुपैयाँ दुरुपयोग गरेको अभियोगमा बारा जिल्ला हुलाक कार्यालयका तत्कालीन कार्यालय प्रमुख र लेखापालसहित ६ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।
मुद्दा दायर गरिएका व्यक्तिमा बारा हुलाक कार्यालयमा २०६० सालदेखि नासु पदमा कार्यरत बलीरामप्रसाद कुर्मी, तत्कालीन कार्यालय प्रमुख जयलालप्रसाद साह कानू, अदालतप्रसाद कुर्मी, बुन्नीप्रसाद यादव, सुरेन्द्रप्रसाद यादव र सुजितकुमार साह छन् । अख्तियारले उनीहरूबाट ५ करोड ३५ लाख ६४ हजार २ सय ७९ रुपैयाँ बिगो असुलउपर गर्नुपर्ने मागदाबी गर्दै विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।
अख्तियारका अनुसार नासु बलीरामप्रसाद कुर्मीले बचतकर्ताको रकम पासबुक र लेजर बुकमा मात्रै अभिलेख गरी कार्यालयको दैनिक नगदी रजिस्टरमा उल्लेख नगरी तथा वास्तविक रूपमा बैंकमा दाखिला नगरी गुपचुप रूपमा रकम दुरुपयोग गरेका थिए । यस्तो कार्य उनले कार्यालय प्रमुखहरूकै मिलेमतोमा गर्दै आएको पुष्टि भएको अख्तियारको भनाइ छ ।
‘नासु बलीराम कुर्मीले रकम पासबुकमा मात्र देखाई बैंकमा नगदी दाखिला नगरी केन्द्रीय कार्यालयलाई पनि जानकारी नदिई रकम हिनामिना गरेको खुल्न आएको छ,’ अख्तियारका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए ।
उनका अनुसार पदको दुरुपयोग गर्दै व्यक्तिगत लाभका लागि रकम संकलन र हिनामिना गरिएको देखिएको छ । यति ठूलो रकमको दुरुपयोगले सरकारी वित्तीय प्रणालीप्रति जनविश्वास खस्किने खतरा रहेको भन्दै अख्तियारले यसलाई गम्भीररूपमा लिएको जनाएको छ । अख्तियारका अनुसार यथार्थ विवरण नपठाई केन्द्रीय हुलाक कार्यालयसम्म अन्धकारमै राखी आफूखुसी आर्थिक कारोबार गरिएको थियो ।

# डिआईजी चतुर्वेदीद्वारा अपराधिक गतिबिधि र तस्करी पुर्ण रूपमा नियन्त्रण गर्न निर्देशन



**रौतहट ।**
मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रमुख डिआईजी उमा प्रसाद चतुर्वेदीले आपराधिक गतिविधि, तस्करी पूर्ण नियन्त्रण गर्न कडा निर्देशन दिएका छन् ।
मधेश प्रदेश प्रहरी प्रमुखको जिम्मेवारी सम्हालेका पछी पहिलो पटक दुई जिल्ला प्रहरी कार्यालयको निरीक्षण गरेका छन् ।डिआईजी चतुर्वेदी मंगलवार जिल्ला प्रहरी कार्यालय रौतहट र जिल्ला प्रहरी कार्यालय सर्लाहीको स्थलगत अनुगमन निरीक्षण गरेका छन् ।जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी नेत्र मणि गिरीले डिआईजी चतुर्वेदीको स्वागत गरेका थिए। जिल्ला प्रहरी कार्यालय रौतहटको प्राङ्गणमा डिआईजी चतुर्वेदीले पिर्के सलामी लिएसंगै थुनुवा कक्ष, मुदाशाखा , हतियार भण्डारण कक्ष,लगायत अन्य शाखाहरूको निरीक्षण गर्दै एसपी गिरी , जिल्ला प्रहरी प्रवक्ता डिएसपी दीपक कुमार राय, ईलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएस्पी राजन कार्की, ईलाका प्रहरी कार्यालय चन्द्रिगाहपुरका प्रमुख डिएसपी राजकुमार राई संगै निरीक्षण कार्यक्रममा उपस्थित प्रायः जिल्लाका सम्पूर्ण युनिट प्रमुखहरू लाई एकै ठाउँमा राखेर कडा निर्देशन दिएका छन् ।
सत्य सेवा सुरक्षणमको मूल मन्त्र सम्झिएर नागरिकको ज्यान धानको सुरक्षामा कुनै कमी नगर्न उनले निर्देशन दिएका हुन् । डिआईजी चतुर्वेदीले भारतबाट हुनेगरेको बिभिन्न किसिमका सामानको तस्करी, र आपराधिक क्रियाकलाप पूर्ण नियन्त्रण गर्न कडा निर्देशन दिएको एसपी गिरीले बताएका छन् ।
त्यस्तै जिल्ला प्रहरी कार्यालय देखी सम्पूर्ण प्रहरी युनिटमा काम बिशेषले आउने सेवाग्राहीको समस्या सुनेर सामाधानको पहल गर्न निर्देशन दिएका छन् । त्यस्तै कुनै पनि कार्यालयमा बिचौलियाको प्रवेश पूर्ण रूपमा निषेध गर्न निर्देशन दिएका छन् ।
फरार प्रतिवादी पक्राउ गर्न तदारुकता देखाउने,तस्करीको सामान नियन्त्रण गर्न ज्यानको सुरक्षा गर्ने, बिहेवारी, घरायसी कामकाजको सामानको लागी सहज व्यवस्थापन गर्न र घुमुवा प्रहरीको नाउँमा तस्कर संग लेनदेन, ब्यापारी माझ आतंक नमचाउन निर्देशन दिएका छन् ।
निर्देशन बिपरित गर्ने जोकोहि लाई पनी कडा कार्वाही गर्ने डिआईजी चतुर्वेदीले चेतावनी दिएका छन् । डिआईजी चतुर्वेदीले जिल्ला प्रहरी कार्यालय रौतहट अघी मंगलवार जिल्ला प्रहरी कार्यालय सर्लाहीको निरीक्षण गरेका थिए ।
तत्कालिन मधेश प्रदेशका प्रहरी प्रमुख डिआईजी लालमणि आचार्य एआईजीमा बढुवा भएपछि उनको ठाउँमा चतुर्वेदी आएका हुन् ।डिआईजी चतुर्वेदीले न्युज कारखाना संग कुरा गर्दै प्रदेशका सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई प्रभावकारी अपराध अनुसन्धान तथा नियन्त्रण, नागरिक एवं पिडित मैत्री सहज र द्रुत प्रहरी सेवा, मानव अधिकार संरक्षण, प्रहरीको आचरण र व्यवहारमा सुधार गराउने आफ्नो मुख्य उद्देश्य रहेको बताएका छन् ।

# लिमिटेडद्वारा उत्पादित सुपथ मूल्यका औषधि उपलब्ध गराउन सहजीकरण समिति गठन



**काठमाडौँ ।**
नेपाल औषधि लिमिटेडद्वारा उत्पादित सुपथ मूल्यका औषधि सरकारी स्वास्थ्य संस्थामा उपलब्ध गराउन सहजीकरण समिति गठन गरिएको छ ।
लिमिटेडद्वारा उत्पादित सिटामोल, जीवनजललगायतका औषधि बिक्री नभएको गुनासोपछि स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले आवश्यक छलफल गरी समिति गठन गरेका उनको सचिवालयले जनाएको छ ।
मन्त्री पौडेलले सरकारी नियमअनुसार तीनै तहका सरकारी स्वास्थ्य संस्थामा ती औषधि बिक्री सहजीकरणका लागि आवश्यक पहलका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र लिमिटेडका अधिकारीसँग मंगलवार छलफल गरेका छन । उक्त बैठकपछि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिवको नेतृत्वमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, लिमिटेडलगायतका अधिकारी रहने गरी समिति गठन गरिएको हो । अब समितिको सुझावका आधारमा आवश्यक निर्णय गरेर अघि बढिने मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले बताए ।
यसअघि छलफलका क्रममा स्वास्थ्यमन्त्री पौडेलले आमनागरिकलाई सुपथ मूल्यमा उपलब्ध गराउन लिमिटेडबाट निरन्तर उत्पादन हुन जरुरी रहेको बताए । उनले सरकारी स्वास्थ्य संस्थामा अनिवार्य उपलब्ध हुनुपर्ने ९८ प्रकारका औषधिका लागि उद्योगबाट खरिद गर्न सकिने विकल्पबारे गृहकार्य अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।
छलफलमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा विकास देवकोटा, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्णबहादुर राउत, नेपाल औषधि लिमिटेडका अध्यक्ष यज्ञप्रसाद न्यौपाने, महाप्रबन्धक कैलाशकुमार पनेरुसमेत सहभागी थिए । रासस

# बर्दिवास भंगहा औद्यौगिक करिडोरको कार्य द्रुत गतिमा अगाडि बढछः श्रममन्त्री भण्डारी

**बर्दिवास ।**
श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले महोत्तरीको बर्दिवास भंगहा अद्यौगिक करिडोरको कार्य दुरतगतिमा अगाडि बढने विश्वास व्यक्त गरेका छन् ।
लोकतान्त्रिक समाजवादी पार्टीका बरिष्ठ नेता समेत रहेका मन्त्री भण्डारीले मंगलवार उक्त निर्माणाधिन बर्दिवास भंगहा अद्यौगिक करिडोरको जग्गा अनुगमन तथा स्थानीयसँग सम्वाद गर्ने क्रममा यस्तो बताएका हुन ।
मन्त्री भण्डारीले, महोत्तरी जिल्लाको समुचित विकासको लागि बर्दिवास भंगहा अद्यौगिक करिडोर एउटा कोशेढुंगा सावित हुने बताए । उनले भने, 'बर्दिवास भंगहा अद्यौगिक करिडोर महोत्तरी जिल्ला र यस आसपासका जनताको लागि सुनौलो अवसरको बाटो खुल्ला गर्नेछ ।'
महोत्तरी निर्वाचन क्षेत्र नम्बरका २ का सांसद समेत रहनु भएका मन्त्री भण्डारीको पहलमा जिल्लामा विभिन्न विकास निर्माणको काम तदारुकताका साथ अगाडि बढेको महोत्तरी जिल्ला समन्वय समितिका सभापति सुमन कर्णले बताए ।
मन्त्री भण्डारी सहितको टोलीले आम जनताले लामो समय देखि प्रतिक्षा गरेको भंगहा विजलपुरा जोडने रातो नदीको पुल सँगै भुतहा खोलामा निर्माणाधिन पुलको प्रगतिविवरण, अनुगमन तथा स्थानीयसँग सम्वाद गरेका थिए ।
उक्त दुई निर्माणाधिन पुलले स्थानीय जनताको लागि दैनिक आवतजावत गर्न सहजता थप्नुका साथै बर्षाको समयमा नदीमा आउने बाढीले जोखिम कम गर्ने हुनाले स्थानीयले खुशी व्यक्त गर्दै पहलका लागि मन्त्री भण्डारीलाई धन्यवाद दिएका थिए ।
अनुगमनको क्रममा बर्दिवास नगरपालिका नगरप्रमुख प्रलहाद क्षेत्री, भंगहा नगरपालिका उपप्रमुख शान्ती कुमारी सिंह, महोत्तरी जिल्ला समन्वय समितिका सभापति सुमन कर्ण, महोत्तरी जिल्ला प्रहरी प्रमुख तथा महोत्तरी शसस्त्र प्रहरीका एसपीद्धयको पनि उपस्थिती रहेको थियो ।


## कोहिनूर बचत तथा ऋण सहकारी संस्था लि.

**बिरगंज,पर्सा**

**कर्जा चुक्ता गर्न आउने बारेमा ३५ दिने अत्यन्तै जरुरी सुचना**

**प्रकाशित मिति :- २०८२/०१/३१ दोस्रो पटक**

यस कोहिनुर बचत तथा ऋण सहकारी संस्था लि.का मिति २०८२/०१/३१ तपसिलमा उलेखित ऋणीहरुले यस संस्थाबाट उपभोग गरेको कर्जा समय समयमा बुझाउनु पर्ने साँवा,ब्याज आदि नतिरी नबुझाई ऋण लिदा गरेको शर्त कबुलियत उलंघन गरेको र संस्थाले मौखिक एवम लिखित रुपमा पटक पटक तर ताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा,ब्याज तथा हर्जाना ब्याज समेत चुक्ताभुक्तान नगरेको हुँदा यो सूचना दोस्रो पटक प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा,ब्याज तथा हर्जाना समेत चुक्ताभुक्तान गर्नुहुन यो सूचना दोस्रो पटक प्रकाशित गरिएको छ। अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनुपर्ने सम्पूर्ण कर्जा साँवा,ब्याज तथा हर्जाना समेत भुक्तान नगरेमा यस संस्थालाई कर्जाको सुरक्षण बापत लेखिदिएको तपसिल बमोजिमको धितोमा रहेको चलअचल सम्पति जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलामबिक्रि गरि वा अन्य व्यवस्था गरि संस्थाको साँवा,ब्याज तथा हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएको अन्य खर्चहरु समेत असुल उपर गरि लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धनजमानी दिनेको घर घरानार चलअचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सुचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी,जमानी कर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| सि.नं. | ऋणीको नाम,ठेगाना | कर्जाको सुरक्षण बिवरण |
|---|---|---|
| १. | ऋणी : सबिला खातुन<br>पति : वारिस देवान<br>बुवा : गुदर देवान<br>ससुरा : समसुल देवान<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री समसुल देवान को बुहारी वारिस देवान को श्रीमति सबिला खातुन बारा जिल्ला बहुअरी वडा न. १ बस्ने ना.प्रा.न ३३३०७५/६७३ मिति २०६३/१०/१५ बारा बर्ष ५३ को सबिला खातुन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा बहुअरी बी वडा न २ स्थितको किता नं. ६२६ को जग्गाको ०-०-७-२ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| २. | ऋणी : नबिजान मिया अंसारी<br>पत्नी : साहजहा खातुन<br>बुवा : इयासिन मिया अंसारी<br>बाजे : सतार मिया<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री सतार मिया को नाती इयासिन मिया अंसारी को छोरा नबिजान मिया अंसारी पर्सा जिल्ला बसडिलवा वडा न. ७ बस्ने ना.प्रा.न ०९७५१८३६ मिति २०५६/०४/०३ पर्सा बर्ष ४६ को नबिजान मिया अंसारी को नाममा एकलौटीदर्ता कायम भएको पर्सा जिल्ला बिरुवागुठी वडा न ७ स्थितका किता नं. २७८ को जग्गाको क्षेत्रफल १-२-१७-८ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ३. | ऋणी : जयनाथ दास तत्वा<br>पत्नी : लालझरी देवी<br>बुवा : अमोल दास<br>बाजे : झगरु दास<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री झगरु दास को नाति अमोल दास को छोरा जयनाथ दास तत्वा पर्सा जिल्ला प्रसौनी बिर्ता वडा न.६ बस्ने ना.प्रा.न ७०१२१३४० मिति २०४०/०५/१३ पर्सा वर्ष ६२ को जयनाथ दास तत्वा को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला प्रसौनी बिर्ता वडा नं. ५ स्थितका किता नं. २५ को जग्गाको क्षेत्रफल ११०.०० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ४. | ऋणी : जयनाथ दास तत्वा ,शंभु दास तत्वा, भरथ दास तत्वा<br>पत्नी : लालझरी देवी<br>बुवा : अमोल दास<br>बाजे : झगरु दास<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री झगरु दास को नाति अमोल दास को छोरा जयनाथ दास तत्वा,शंभु दास तत्वा,भरथ दास तत्वा पर्सा जिल्ला प्रसौनी बिर्ता वडा न.६ बस्ने ना.प्रा.न.७०१२१३४०,७०१२१४६६,७०१२१४६७ मिति २०४०/०५/१३,२०४६/११/१७,२०४४/११/१७ पर्सा वर्ष ६२,५८,६० को जयनाथ दास तत्वा,शंभु दास तत्वा,भरथ दास तत्वा को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला मनियारी वडा नं.२ स्थितका किता नं. १९७ को जग्गाको क्षेत्रफल ०-३-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |


# कर्णालीका १४ स्थानीय तहसँग अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम

**कर्णाली ।**
कर्णाली प्रदेश सरकारले १४ स्थानीय तहहरूसँग अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमका लागि साझेदारी गरिएको छ ।
प्रदेशको सामाजिक विकास मन्त्रालयले अपाङ्गता भएका व्यक्तिको उपचार, रोकथाम तथा पुनःस्थापनाका लागि स्थानीय तहमार्फत कार्यक्रम सञ्चालन गर्न लागेको हो ।
मन्त्रालयद्वारा मंगलवार सुर्खेत वीरेन्द्रनगरमा आयोजित कार्यक्रममा 'स्थानीय तहका पदाधिकारी तथा सरोकारवालासँगको अभिमुखीकरण'मा कार्यक्रम सञ्चालनका लागि मन्त्रालय र स्थानीय तहहरूबीच साझेदारी गरिएको छ ।
साझेदारी कार्यक्रम सञ्चालनका निम्ति मन्त्रालयले सबै स्थानीय तहहरूबाट प्रस्तावना आह्वान गरेको थियो । जसमा कर्णालीका ७९ स्थानीय तहमध्ये १४ वटा प्रस्ताव पेस भएको मन्त्रालयका सामाजिक विकास महाशाखा प्रमुख सुवर्ण खड्काले जानकारी दिए । उनका अनुसार सुर्खेतका भेरीगङ्गा, पञ्चपुरी नगरपालिका, चौकुने, सिम्ता गाउँपालिका, कालीकोटको रास्कोट नगरपालिका, सान्नीत्रिवेणी र शुभकालिका गाउँपालिकासँग साझेदारी गरिएको छ ।
यस्तै, रूकुमपश्चिमको चौरजहारी र मुसिकोट नगरपालिका, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका, दैलेखको महाबु गाउँपालिका, सल्यानको दार्मा गाउँपालिका, जाजरकोटको जुनीचाँदे गाउँपालिका र हुम्लाको सिमकोट गाउँपालिका रहेका छन् । ती स्थानीय तहमा करिब १० हजार अपाङ्गता भएका व्यक्तिहरू यसबाट लाभ लिनसक्ने अनुमान गरिएको यद्यपि कार्यक्रम सञ्चालन भने स्थानीय तहहरूले प्रस्ताव गरेअनुरूप हुने जनाइएको छ ।
मन्त्रालयले जारी गरेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम सञ्चालन निर्देशिकाबमोजिम कार्यक्रम सञ्चालन हुनेछ । सोहीअनुरूप अपाङ्गता रोकथाम तथा सहजीकरणसम्बन्धी कार्यक्रम, अपाङ्गता पहिचान र उपचार, अपाङ्गता भएका व्यक्ति र परिवारको जीवनस्तर सुधार लक्षित कार्यक्रम, संस्थागत सुदृढीकरणलगायतका कार्यक्रमको मुख्य क्रियाकलाप समावेश हुने जनाइएको छ ।
निर्देशिकाबमोजिम क्रियाकलाप सञ्चालनका लागि विभिन्न अन्तरराष्ट्रिय तथा राष्ट्रिय सङ्घ, संस्थासँग प्राविधिक सहकार्य गर्ने सक्रे व्यवस्थाअनुसार करूणा फाउण्डेसन नेपाल, एनएफडी–एन र युनिसेफसँग समन्वय सहकार्य गर्ने मन्त्रालयले जनाएको छ ।रासस

# गरुडामा आधारभूत विद्यालय कक्षा ६ को उद्घाटन



**आरके श्रीवास्तव**
**रौतहट ।**
रौतहटको गरुडा नगरपालिका वडा नं. ६ स्थित पोठियाहीमा मंगलबार एक विशेष कार्यक्रमका बीच आधारभूत विद्यालयको कक्षा ६ को औपचारिक उद्घाटन गरिएको छ । नगर प्रमुख कन्थमनी जयसवालले समारोहमा उपस्थित भई कक्षाको उद्घाटन गरेका हुन् । सो अवसरमा नगरप्रमुख जयसवालले बालबालिकाको उज्ज्वल भविष्य निर्माणमा शिक्षाको महत्त्वपूर्ण भूमिका हुने बताउँदै विद्यालय पूर्वाधार विस्तारलाई नगरपालिकाले उच्च प्राथमिकता दिएको जानकारी दिए ।

कक्षा ६ को सञ्चालनसँगै विद्यार्थीहरूलाई आवश्यक सम्पूर्ण पाठ्यपुस्तकहरू पनि वितरण गरिएको छ । 'नगरवासीहरूको साथ, अभिभावकहरूको विश्वास र विद्यार्थीहरूको उत्साहले हामीलाई अझ बढी जिम्मेवार बनाउँछ,' नगरप्रमुख जयसवालले भने । उनले गरुडा नगरपालिका शिक्षामा गुणस्तर सुधार तथा भौतिक पूर्वाधार विकासका लागि निरन्तर क्रियाशील रहने प्रतिबद्धतासमेत जनाए । कार्यक्रममा स्थानीय अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा विद्यार्थीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# मेयर कप टी–२० क्रिकेटमा लखनउ र पर्साको शानदार जित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
तेस्रो जनकपुरधाम मेयर कप टी–२० क्रिकेट प्रतियोगिता रोमाञ्चक बन्दै जाँदा भारतको लखनउ र नेपालको पर्सा जिल्ला टिमले मंगलबार क्रमशः सिरहा र दिल्लीलाई पराजित गर्दै महत्वपूर्ण जित हात पारेका छन् । जनकपुरधामस्थित निर्माणाधीन रामजानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रंगशालामा भएको पहिलो खेलमा भारतको उत्तर प्रदेशस्थित लखनउ टिमले सिरहा टिमलाई ९ विकेटले हराउँदै प्रभावशाली जित निकाल्यो । दोस्रो खेलमा पर्सा जिल्ला टिमले दिल्ली टिमलाई ८ विकेटले पराजित गर्दै सेमिफाइनलको सम्भावनालाई बलियो बनाएको छ । पहिलो खेलमा सिरहाले टस हारेर पहिले ब्याटिङ गर्दै २० ओभरमा सबै विकेट गुमाएर १२२ रनको मध्यम स्कोर खडा ग¥यो । जवाफी ब्याटिङमा लखनउले केवल १४.२ ओभरमै लक्ष्य भेट्टाउँदै ९ विकेटको सानदार जित हात पारेको हो । लखनउका लागि प्रिथुल मेहताले अविजित ५१ बलमा ६२ रन र सोमेन मोहेन्टीले ३० बलमा ५० रन बनाउँदै टिमको जितमा निर्णायक भूमिका खेले । सुमित पाठक भने ५ रनमा दिनेश अधिकारीको बलमा आउट भए ।

दोस्रो खेलमा दिल्लीले टस जितेर पहिले ब्याटिङ गर्दै जम्मा ६० रन मात्र बनाएको थियो । पर्साले ६.४ ओभरमै २ विकेटको क्षतिमा लक्ष्य पार गर्दै ८ विकेटको सहज जित दर्ता ग¥यो । दिल्लीको ब्याटिङ अत्यन्त कमजोर देखिएको थियो भने पर्साको बलिङ आक्रमण र पछि ब्याटिङ दुवै सन्तुलित देखियो । जनकपुरधाम उपमहानगरपालिकाको आयोजना र नेपाल क्रिकेट संघको सहकार्यमा भइरहेको प्रतियोगितामा मधेश प्रदेशका ८ जिल्ला टिम र भारतका ४ टिम गरी १२ वटा टिम सहभागी छन् ।

प्रतियोगिता लिग चरणमा भइरहेको छ । प्रत्येक टिमले अरू टिमहरूसँग प्रतिस्पर्धा गर्दैछ । लिग चरणको अन्तिम खेल बुधबार लखनउ र रौतहट तथा बारा र दिल्ली बीच हुनेछ ।
जिल्ला क्रिकेट संघका सदस्य सरोजकुमार मिश्रका अनुसार प्रतियोगितामा विजेता टिमलाई २ लाख रुपैयाँ नगद र ट्रफी प्रदान गरिनेछ भने उपविजेता टिमले १ लाख २५ हजार नगद र ट्रफी प्राप्त गर्नेछन् । प्रतियोगिता जेठ २ गतेसम्म सञ्चालन हुने कार्यक्रम तालिका रहेको छ ।

# वर्माको नेतृत्वमा लोकतान्त्रिक पत्रकार संघ सक्रिय हुँदै

**मधेशदृष्टि**
**रौतहट ।**
लोकतान्त्रिक पत्रकार संघका केन्द्रीय अध्यक्ष कामरेन्द्र वर्माको नेतृत्वमा संघ दिनप्रतिदिन सक्रिय बन्दै गएको छ ।
पत्रकारहरूको हक, अधिकार र पेशागत पहिचानलाई सशक्त बनाउने उद्देश्यसहित संघले हालै धमाधम जिल्ला संयोजकको मनोनयन प्रक्रिया अघि बढाएको हो । अहिलेसम्म संघले मधेश प्रदेशका चार जिल्लामा संयोजक तोकिसकेको छ । बारा जिल्लामा विनोद प्रजापति, रौतहटमा राजु कुमार श्रीवास्तव, सर्लाहीमा राजिव कुमार साह तथा महोत्तरीमा राजिव राय कुर्मी जिल्ला संयोजकको रूपमा चयन भएका छन् ।



संघका अनुसार यी सबै संयोजकहरू सक्रिय रूपमा संगठन विस्तार र पत्रकारहितका गतिविधिमा जुटिरहेका छन् । अध्यक्ष वर्माले बाँकी जिल्लाहरूमा समेत चाँडै संयोजक मनोनयन गरिने जानकारी दिए । यसको लागि कुरा भइसकेको उनी बताउँछन् ।

उनका अनुसार संघमा पत्रकारहरूको आकर्षण तीव्र रूपमा बढ्दै गएको छ ।
'अन्य पत्रकार संगठनहरू भन्दा फरक ढंगले हाम्रो संघले पत्रकारहरूको सशक्त पहिचान निर्माण गर्ने लक्ष्य लिएको छ,' अध्यक्ष वर्माले भने, 'हामी लोकतान्त्रिक मूल्य, प्रेस स्वतन्त्रता र पेशागत मर्यादा कायम गर्न कटिबद्ध छौं ।' संघले आगामी दिनमा पत्रकारहरूको क्षमता अभिवृद्धि, पेशागत सुरक्षा र सामाजिक उत्तरदायित्वका सवालमा विविध कार्यक्रम सञ्चालन गर्ने जनाएको छ । संघले आगामी दिनहरूमा केन्द्रदेखि जिल्ला तहसम्म अझ प्रभावकारी रूपमा काम गर्ने योजना बनाएको छ ।

# सानीया प्रविनको योजनाबद्ध हत्या गरिएको आरोप

**मधेशदेष्टि**
**रौतहट ।**
रौतहटको कटहरिया नगरपालिका वडा नम्बर ३ स्थित बिर्ती प्रष्टोका टोलमा २१ वर्षीया नवविवाहिता सानीया प्रविनको हत्या भएको भन्दै परिवारले प्रहरीमा जाहेरी दर्ता गरेका छन् । मृतकका बुवा रौशनले गरुडा ईलाका प्रहरी कार्यालयमा जाहेरी दिंदै छोरीको योजनाबद्ध रूपमा हत्या गरिएको दाबी गरेका हुन् । भारतको बिहार राज्य, पूर्वी चम्पारण, सुगौली नगरपालिकाका बासिन्दा रौशनका अनुसार, सानीयाको विवाह करिब ६ महिना अघि अरमान राय भाटसँग मुस्लिम परम्परा अनुसार भएको थियो । विवाहपछि निरन्तर दाइजोको माग गर्दै अरमान र उनकी आमा कायमा खातुनले शारीरिक तथा मानसिक यातना दिने गरेको बताइएको छ । पीडितका बुबाका अनुसार, बैशाख २८ गते दिउँसो सानीयाको शव विपक्षीको घरको कोठामा साडीको पासोमा झुण्डिएको अवस्थामा भेटिएको थियो ।
तर, घटनास्थलको अवस्था र पुरानो यातनाका आधारमा यो आत्महत्या नभई योजनाबद्ध हत्या भएको उनको दाबी छ । स्थानीय प्रहरी घटनास्थलमा पुगेर मुचुल्का तयार गरी शवलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाएको छ । मृतकका परिवारले दोषीलाई पक्राउ गरी हत्या सम्बन्धी मुद्दा दर्ता गरी कडा कानुनी कारबाही गर्न माग गरेका छन् ।


## कर्जा चूक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गरेको विभिन्न शिर्षकका कर्जाहरु लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिक एवं लिखित रुपमा पटक पटक तरतागेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नगरेको हुंदा यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नुहुन यो ३५ दिने सुचना प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३,नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन,परिपत्रहरु, बैङ्कको कर्जा असुलि निति तथा अन्य सम्बद्ध ऐन कानूनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चल अचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, ब्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धन जमानी दिनेको घर घराना/चल अचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| १. ऋणीको नाम र ठेगाना |
|---|
| स्व. सेराजुल हक अंसारीको बुहारी, अफ्रोज आलम अंसारीको पत्नी साविक जिल्ला बारा ,प्रस्टोका गा.वि.स वडा नं. २, हाल जितपुरसिमरा उपमहानगरपालीका वडा नं. २४ घरभई जितपुरसिमरा उपमहानगरपालीका वडा नं. ७ जितपुर बस्न ( ना.प्र.न.३३१०८३/१२७३३,जारी मिती २०६८/०२/११, जि.प्र.का. बारा) बर्ष ४४ की मोगलिसा खातुन । |
| **कर्जाको सुरक्षण विवरण** |
| स्व. हमिद मिया अंसारीको नाती, स्व सेराजुल हक अंसारीको छोरा ,साविक जिल्ला बारा ,प्रस्टोका गा.वि.स वडा नं. २, हाल जितपुरसिमरा उपमहानगरपालीका वडा नं. २४ घरभई जितपुरसिमरा उपमहानगरपालीका वडा नं. ७ जितपुर बस्ने ( ना.प्र.न.२५०/२२०२/१३१५,जारी मिती २०५१/०२/०१, जि.प्र.का. बारा) बर्ष ४७ को अफ्रोज आलम अंसारीको नाममा धितो कायम रहेको जिल्ला बारा ,साविक प्रस्टोका गा.वि.स वडा नं ०२, हाल जितपुरसिमरा उपमहानगरपालीका वडा नं. २४, हरपुर स्थित किता नं १५० को जम्मा क्षेत्रफल ०-२-१५ को घरजग्गा । |
| **व्यक्तिगत जमानीकर्ताहरु :** |
| **क**)स्व. हमिद मिया अंसारीको नाती, स्व सेराजुल हक अंसारीको छोरा ,जिल्ला बारा ,साविक प्रस्टोका गा.वि.स वडा नं. २, हाल जितपुरसिमरा उपमहानगरपालीका वडा नं. २४ घरभई जितपुरसिमरा उपमहानगरपालीका वडा नं. ७ जितपुर बस्ने ( ना.प्र.न.२५०/२२०२/१३१५,जारी मिती २०५१/०२/०१ जि.प्र.का. बारा) बर्ष ४७ को अफ्रोज आलम अंसारी ।<br>**ख**)स्व. सेराजुल हक अंसारीको नाती, अफ्रोज आलम अंसारीको छोरा ,जिल्ला बारा, जितपुरसिमरा उपमहानगरपालीका वडा नं. २४ घरभई जितपुरसिमरा उपमहानगरपालीका वडा नं. ७ बस्ने (ना.प्र.न.३३-०२-७६-०१२५३,जारी मिती २०७६/०२/३० ,जि.प्र.का. बारा) बर्ष २२ को समिर अंसारी ।<br>**ग**)स्व. सेराजुल हक अंसारीको नातीनी, अफ्रोज आलम अंसारीको छोरी ,जिल्ला बारा,जितपुरसिमरा उपमहानगरपालीका वडा नं. २४ घरभई हाल जितपुरसिमरा उपमहानगरपालीका वडा नं. ७ बस्ने (ना.प्र.न.३३-०१-७५-००८०६,जारी मिती २०७५/०१/३१ जि.प्र.का. बारा) बर्ष २६ को अन्जुम आरा । |
| **नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।** |

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालयः**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर) ।


# एमाले परित्याग गरी माओवादी केन्द्रमा



**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरी जिल्लाको सम्सी गाउँपालिकाबाट नेकपा (एमाले) का केही प्रभावशाली स्थानीय नेता माओवादी केन्द्रमा प्रवेश गरेका छन् ।
पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नवप्रवेशी नेताहरूलाई पार्टीमा स्वागत गर्दै संगठन विस्तारमा उनीहरूको आगमनले ऊर्जा र उत्साह थप्ने विश्वास व्यक्त गरेका छन् । माओवादी केन्द्रको केन्द्रीय सचिवालयद्वारा जारी विज्ञप्तिमा अध्यक्ष दाहालले महोत्तरीमा पार्टी संगठनलाई थप बलियो बनाउन यो प्रवेश ऐतिहासिक हुने बताएका छन् ।
पार्टीमा प्रवेश गर्ने नेताहरूमा विनोद कुमार साह, बजन कुमार साह, किशोरी साह, सन्तोष कुमार साह र डा. कौशल कुमार साह रहेका छन् । यी सबै नेता सम्सी गाउँपालिकामा सक्रिय रहेको र सामाजिक तथा राजनीतिक गतिविधिमा व्यापक जनसंपर्क बनाएका व्यक्तित्व हुन् । यी नेताहरूको माओवादी केन्द्रमा प्रवेशसँगै एमालेको सम्सीमा रहेको सांगठनिक आधारमा गम्भीर असर पर्ने अनुमान गरिएको छ ।
प्रवेशकर्ताहरू एमालेलाई सुदृढ बनाउन गाउँ तहमा लामो समयदेखि क्रियाशील थिए । माओवादी केन्द्रका स्थानीय नेता तथा जिल्ला समितिका पदाधिकारीहरूले नवप्रवेशी नेताहरूको स्वागत गर्दै उनीहरूको अनुभव, जनसंपर्क र प्रतिबद्धताले पार्टीलाई बलियो बनाउने बताएका छन् । 'हामीसँग अब समर्पित र अनुभवी कार्यकर्ताहरूको टोली छ ।
यो प्रवेश पार्टीलाई मात्र नभई सम्सीमा वैकल्पिक विकासको खाका बनाउन पनि सहयोगी हुनेछ,' एक स्थानीय माओवादी नेताले भने । पार्टी प्रवेश गर्ने नेताहरूले आफूहरू माओवादी केन्द्रको जनमुखी नीतिप्रति प्रभावित भएको र समाज परिवर्तनको यात्रामा सक्रिय भूमिका निर्वाह गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गरेका छन् । उनीहरूले आगामी दिनमा संगठन सुदृढीकरण, स्थानीय जनतालाई प्रत्यक्ष सरोकार भएका मुद्दाहरू उठाउने र युवा तथा महिलाको सहभागिता बढाउने कार्यलाई प्राथमिकतामा राख्ने बताएका छन् ।

सम्पादकीय

# सुरक्षित तस्करीमा सुरक्षा सेटिङ

*बारा, पर्सा, रौतहट, सर्लाही र मकवानपुरसम्म तस्करीको सेटिङ उदेकलाग्दो छ। वीरगंजबाट हेटौँडा रुटमा चल्ने प्रत्येक बस र इभि भ्यानमा तस्करीका सामान भित्रिइरहेको छ । एउटै विवाह कार्ड देखाएर एउटै व्यक्तिले पटकपटक चिनी, खाद्यान्न, लत्ताकपडा तस्करी गरिरहेका हुन्छन् । इभि भ्यान रोकेर चेकजाँचका नाममा वीरगंजदेखि मकवानपुरको रातोमाटेसम्ममा कोही नयाँ व्यक्तिले व्यवसाय गरेकी भनेर प्रहरीले आँखा चनाखो पारेको हुन्छ। पुराना पार्टीहरुले निर्बाध सामान ओसारपसार गरिरहेका छन् । हेटौँडा र नारायणगढ बजारमा पुग्ने चिनी, लत्ताकपडा र खाद्यान्न मात्रै होइन चिसो पेय पदार्थमा पनि सेटिङ छ।*

*तस्करहरुले ससाना झोला, पोका बनाएर साधारण ग्राहकको आवरणमा सामान भित्र्याइरहेका छन्। त्यही काम कोही निर्दोष नयाँ मान्छे गरेमा प्रहरीले पक्राउ गरेर दुःख दिने गरेको छ। अझ रमाइलो त लागुऔषधले बारा, पर्सा र हेटौँडामा गजबले घर गरेको छ । राजमार्गमा ३ किलोमिटर वरपर हुने चेकजाँचमा लागुऔषध दुव्र्यसनीहरु समातिन्नन्, व्यापारीहरु त झुक्केर पनि पक्राउ पर्दैनन्। गजबको सेटिङ साम्राज्यमा तस्करी मौलाइरहेको छ, प्रहरी प्रशासनका सुशासन झांगिएको छ। यसरी राजमार्गमा दिनदहाडै तस्करहरुलाई सुनको अण्डा र सर्वसाधारण र निर्दोष पटके ग्राहकलाई जरिवानाको डण्डा व्यवस्था भइरहेको छ । राजनीतिक दलका नेताहरु तस्करीमा संलग्न छन्। त्यसैले प्रहरी प्रशासनलाई अतिरिक्त आम्दानीको जोहो यिनै नेताहरुले गर्ने भएकाले नेताहरु तस्करी रोक्नपर्छ भन्दैनन् । प्रहरी प्रशासन तस्करी रोक्न सक्रिय बनेको देखाइन्छ । तर तस्करहरुको सल्लाहमा उनीहरुको गतिविधि हुने गरेको लुकेको छैन।*

*बारा, पर्सा, रौतहट, सर्लाही, मकवानपुरको तस्करी साम्राज्यको सञ्जालमा हिन्दू, मुस्लिम, पहाडी सबै मूलका सदस्यहरुको सामुहिक संलग्नता छ। यसैगरी, प्रहरी, सशस्त्र प्रहरी, राजनीतिक दल, प्रशासनको पनि कहीँ न कहीँ मिलेमतो छ। यही मिलेमतोले केहीलाई स्वर्ग छ। केहीको घरखेत र जिन्दगी बर्बाद भएको छ। खासमा लागुऔषधले मधेश र पहाड ध्वस्त छ। रक्सौलमा किन्न पाइने, वीरगंजमा पक्राउ नपर्ने, हेटौँडामा ससाना परिमाणमा पक्राउ पर्ने र ठूला कारोबारीहरुले वडावडामा सञ्जाल बनाउन सक्ने संयन्त्रबारे प्रहरी प्रशासन जानकार छैन भन्ने कल्पना बाहिरको विषय हो । सबै मौकामा कमाउधन्दामा लाग्दा जनजीवन तहसनहसको स्केल चलिरहेको छ।*

# जनमत पार्टीभित्रको भ्रष्टाचार गाथा



श्रीमन नारायण

सामाजिक जीवनयापन गर्नेहरुले लोकलाजको ख्याल गर्नुपर्छ । अरुसँग इमान्दारी, नैतिकता, राजनीतिक एवम् सामाजिक उत्तरदायित्व तथा आर्थिक पारदर्शिताको अपेक्षा राख्नेहरुले स्वयम् पनि सोही चरित्रको प्रदर्शन व्यवहारमा पनि देखाउनु आवश्यक छ।

सिद्धान्त र उच्च आदर्शका कुरा केवल भाषण र नारामा मात्रै होइन, व्यवहारमा पनि देखिनु आवश्यक छ। देशमा वैकल्पिक राजनीतिक शक्ति बन्न खोज्ने दलहरु पनि पुराना र गन्हाएका राजनीितक दलहरुकै चरित्रलाई आत्मसात् गर्ने हो भने जनताले नयाँ दललाई किन पत्याउने ? तराई–मधेशमा स्थापित मधेशवादी राजनीतिक दलहरुभित्र व्याप्त परिवारवाद, जातिवाद, धन आर्जन गर्ने अतृप्त लालसा (लोभ) नवोदित जनमत पार्टीमा पनि देखिनु चिन्ताको विषय हो । जनमत पार्टीका नेता इञ्जिनियर पृष्ठभूमिका र अनुसन्धान क्षेत्रमा काम गरेका प्रचारप्रसार व्यापकरुपमा गराइयो । तराई मधेशका युवा इञ्जिनियर र डाक्टर पनि उत्साही भएर यस पार्टीमा लागेका थिए तर जनमत पार्टीको वास्तविक चरित्र उधि्रँदै गरेको छ। केही महिनाअघि पार्टीका एक जना संघीय सांसद (समानुपातिक महिला) ले आफूसित मोटो रकम लिएर सांसद बनाइएको आरोप लगाएको विषय धेरै पुरानो भएको छैन । हाल आएर पार्टीका एक उपाध्यक्ष ठगी आरोपमा पक्राउ पर्नु र पार्टी अनुशासन विभागका प्रमुख तथा एक अन्य उपाध्यक्षले पार्टी अध्यक्ष डा.चन्द्रकान्त राउतमाथि आर्थिक अनियमतता अथवा भ्रष्टाचार गरेको आरोप लगाउनु सामान्य कुरा होइन । नेपाल सरकार, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धिकरण आयोगले जनमत पार्टीका अध्यक्ष र उपाध्यक्षहरुको चल–अचल समपतिको छानबिन गर्नुपर्दछ।

सर्पको खुट्टा सर्पले नै देखेजस्तै कुनै पनि राजनीतिक संगठन, सामाजिक संगठन अथवा सरकारी कार्यालयमै भएका भ्रष्टाचार र अनियमितताका घटनाबारे त्यस संगठनमा कार्यरतहरुलाई नै बढी थाहा रहेको हुन्छ। जनमत पार्टीका उपाध्यक्ष तथा अनुशासनका प्रमुख (हाल निलम्बित) दीपक कुमार साहले पार्टी अध्यक्ष सिके राउतको भ्रष्टाचार काण्डबारे भण्डाफोर गर्दै पार्टीका कोषाध्यक्ष इञ्जिनियर सुरेन्द्र नारायण यादवलाई ठगी प्रकरणमा पक्राउ हुनुमा अध्यक्ष राउतकै हात रहेको भन्दै १० बुँदे खुलासा गरेका छन्। उनले जनकपुरमा पत्रकार सम्मेलन गरी निलम्बित कोषाध्यक्ष इञ्जिनियर सुरेन्द्र नारायण यादवको गिरफ्तारीप्रति आपत्ति जनाउँदै पार्टी नेतृत्वमा देखिएको वित्तीय अनियमतता, शक्ति दुरुपयोग र षड्यन्त्रको निष्पक्ष छानबिन गर्न माग गरेका छन्।

पार्टी उपाध्यक्ष साहले लगाएका आरोपमा जनकपुरधाममा मधेश आश्रम निर्माणका लागि पार्टी अध्यक्ष डा.सिके राउतको सचिवालयवाट आह्वान गरिएको आर्थिक सहयोगको प्रतिक्रिया शून्य रहदा ई.सुरेन्द्र यादव र बसन्त कुशवाहाले व्यक्तिगत खर्चमा घर निर्माण गर्नु भयो भन्दै साहले घरको निम्ति जग्गा खरिद प्रकृयादेखि लिएर निर्माणसम्ममा आफ्नो पनि प्रत्यक्ष संलग्नता रहेको दाबी गरेका छन्।

स्वतन्त्र मधेश गठबन्धन (यो नै जनमत पार्टीको स्थापनाकालको नाम थियो) को संगठन निर्माणको क्रममा कतारमा व्यक्तिगत सवारी साधन र पेशागत अवसर त्याग्दै कतारमा सबैभन्दा ठूलो संगठनको निर्माणमा ई.सुरेन्द्र यादवको योगदान थियो भन्ने आरोप लगाएका छन् । साथी र आफन्तहरुको आलोचना गरे पनि डा.राउतप्रति पूर्ण निष्ठा राख्दै उहाँले अडिग रहेर सहयोग गर्नु भएको थियो । आरोपको तेश्रो बुँदामा संसदीय निर्वाचनमा टिकट वितरणका बेला परिवारवादलाई बढावा दिइएको उल्लेख छ। पार्टी निर्र्माणमा जीवनको अतिमहत्वपूर्ण समय समर्पण गरेका सुरेन्द्र यादवलाई सप्तरी संसदीय क्षेत्र नम्बरबाट टिकट नदिई उल्टो संगठनमा खास योगदान नदिएका आफ्नै दाजु जयकान्त राउतलाई उम्मेदवार बनाएका थिए। जबकी सप्तरी–२ बाट चन्द्रकान्त राउत आफैँ उम्मेदवार थिए। चुनावमा पराजित दाई जयकान्त राउतलाई उनले राष्ट्रिय योजना आयोगको सदस्य बनाएका थिए।

करोडौँ रुपैयाँ खर्च गरेर जनकपुरमा घरको निर्माण गरिएको भए पनि समानुपातिक सूचीमा नाम समावेश गराउन उहाँसित ५० लाख रुपैयाँ माग गरिएको आरोप पनि उपाध्यक्षले लगाएका छन् । घर जग्गा खरिदमा अनियमितता भएको आरोप लगाउँदै उपाध्यक्ष साहले 'मधेश लौट चले' भन्ने नारा दिँदै सांसद बनेपछि इमाडोलमा भव्य घर र पार्किङको लागि छुट्टै जग्गा खरिद गर्नुमा भ्रष्टाचारको गम्भीर आशंका रहेको भन्दै निश्पक्ष छानबिन माग गरेका छन्।

डा.चन्द्रकान्त राउतको गाउँ महादेवामा पार्टीको नाममा बनाइएको पक्की घरको निर्माणका लागि पनि रकम संकलन गरिएको थियो । तसर्थ घर निर्माणमा आएको खर्चको स्रोतको पनि छानबिन गर्न माग गरिएको छ । मधेश प्रदेशका चर्चित साइकल भ्रष्टाचार काण्डमा संलग्न पात्रका नाममा गाडी खरिद हुनु, जनता र आन्दोलनप्रति विश्वासघात भएको आरोप लगाइएको छ । पार्टी कोषाध्यक्षको नाममा कुनै पनि बैंक खाता नखोली अवैध रुपमा आर्थिक कारोबार हुनु गम्भीर प्रकृतिको विषय हो भन्दै पार्टी अध्यक्षको सम्पत्ति छानबिन माग गरिएको छ।

आरोपहरुकै फेहरिस्तमा उपत्यकामा कार्यालयको अभाव हुँदा डा.राउतकै हठकै कारण पुरानो होटल भाडामा लिई कोटेश्वरस्थित प्रवासी होटल प्राइभेट कम्पनीअन्तर्गत खोलिएको थियो, जहाँ नेता, कार्यकर्ता, पिए र चालक बसोबास गर्दथे। चुनावका समयमा उपत्यकाका लागि अधिकांश गतिविधि त्यही ठाउँवाट भएको थियो । रामनारायण साह, सत्यनारायण खंग, पञ्चानन्द माझी, अनिता साह, ऋषिकेश ठाकुर, प्रमोद ईसरलगायतका नाममा आर्थिक सहयोग संकलन गरी निजी प्रयोजनमा खर्च गरिएको छ, जुन पूर्णरुपमा गैरकानूनी हो, तसर्थ यस घटनाको निष्पक्ष स्वतन्त्र र विश्वसनीय छानबिन हुनु आवश्यक छ।

अर्कातिर पार्टीको संस्थापन पक्षले भने आफ्नै पार्टीका कोषाध्यक्ष यादवमाथि ठगी तथा आपराधिक विश्वासघात गरेकोसम्बन्धी मुद्दा दर्ता गराएपछि उनी पक्राउ परेका छन् । उनीमाथि काठमाडौँको इमाडोलमा रहेको घर पार्टीका नाममा दिन नमानेको, हरहिसाबमा अनियमितता गरेको, इमाडोलमा पार्टीले बनाएको घर पत्नी ललिता देवी यादवको नाममा गरेको आरोप पार्टीले लगाएको छ । ललिता यादव अहिले मधेश प्रदेशको नीति तथा योजना आयोगमा सदस्य छिन् । यसमा एउटा प्रश्न विचारणीय छ, जतिबेला जग्गा खरिद ललिता देवी यादवको नाममा भएको थियो । त्यतिबेला पार्टीलाई किन आपत्ति भएन ?

पुराना मधेशीहरुको आफनो पार्टी कार्यालय छैन, सबै पार्टी कार्यालयहरु काठमाडौँमा भाडामा नै छन्, जिल्लातिर पनि भाडामा नै छन् तर एक वर्ष मात्रै मधेश प्रदेश सरकारको नेतृत्व गर्दा पार्टीले काठमाडौँ र जनकपुरमा आफ्नो निजी घर बनाउनु ठूलो छलाङ मार्नु हो । पार्टी पंक्तिले लगाएको आरोपअनुसार मधेश भवन र इमाडोलको घर पनि कोषाध्यक्षले आफ्नै नाममा राखेका छन् । जतिबेला जग्गा खरिद भएको थियो, त्यतिबेलै यस विषयमा आपत्ति जनाइनु पर्ने होइन र ? जनमत पार्टीका अध्यक्षको चलअचल सम्पत्ति र मधेश भवन तथा इमाडोलमा बनेको भवनको आयको श्रोतबारे अख्तियारले छानबिन गर्नु आवश्यक छ।

नेपाललाई आफ्नो देश नै मान्दैनौँ र मधेशलाई छुट्टै देश बनाउने भने भावनात्मक नारा अघि सारेर स्वतन्त्र मधेश गठबन्धन खोलेका सिके राउतले पछि नेपालको संविधान २०७२ मा सहमति जनाई राष्ट्रिय राजनीतिमा समाहित भए। स्वराज र सुशासनको नारा दिने यस पार्टीका नेताहरु जसरी भ्रष्टाचारको आरोपमा आरोपित भइरहेका छन्।

यसबाट जनता दुःखी छन् । पार्टीका संस्थापक नेताहरु कैलाश महतो, इरफान शेख, सुजित कुमार ठाकुर, डा.रवीन्द्र यादव, सन्जय साह, डिके सिंहहरुले पार्टी नेतृत्वमाथि निरंकुश र अवसरवादी भएको आरोप लगाउँदै परित्याग गरेका छन्।

# विदेश पलायन रोज्ने कि देशमै केही गर्ने ?



रिसव गौतम

बहाना बनाउने हो भने त तर्कहरु धेरै गर्न सकिएला। तर यथार्थमा जिउने, देशलाई माया गर्ने र स्वदेशमै केही गर्न खोज्ने हो भने अवसरहरु यहीँ पनि छन्। हिजोआज विदेशका राम्रा अवसरहरु त्यागेर स्वदेशमै केही गर्न तम्सिएकाहरु नभएका पनि होइनन्। त्यो जमात बढिरहेको देखिन्छ। खासगरी अमेरिका र युरोपजस्ता विकसित देशहरुले गैरकानुनी रुपमा बसोबास गरेका आप्रवासीहरुलाई लेखेट्न थालेपछि विदेशमा रहेकाहरुले पक्कै असुरक्षित महसुस गर्न थालेका छन् । विदेशमा विभिन्न खालका बसोबास अनुमतिपत्र आदि जे भने पनि ती देशहरु हाम्रा होइनन्। कहिल्यै हुँदैनन् पनि । उनीहरुले कालान्तरमा जस्ता पनि निर्णयहरु लिन सक्छन्। जो अहिले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लिइरहेका छन्। त्यस्ता निर्णयहरु वा आउनसक्ने नयाँ प्रावधानहरुले विदेशमा बस्ने नेपालीहरुको आजको भनिएको सुख क्षणभरमा दुःखमा परिणत गराउन पनि सक्छ।

त्यसकारण जति नै दुःख र सङ्घर्ष भए पनि स्वदेशमै भविष्य खोज्नु आजका युवाको दायित्व हो । आजको आधुनिक शिक्षादीक्षाले सुसज्जित युवाहरुले शिक्षाको उज्यालो ज्योतिको प्रकाशले देशमै भविष्य देख्नुपर्छ र खोज्नुपर्छ । भएका तमाम अप्ठेरा र चुनौतीहरु सम्हालेर आफ्नै देशमा गरिने सङ्र्घषले व्यक्ति मात्रै बन्दैन, देश पनि बन्छ। कुनै बेला आजको चीनमा ४० करोडभन्दा बढी मानिस भोकमरीग्रस्त थिए। उनीहरुले एक छाक खाएर पनि आफ्ना देश बनाएका हुन् भनेर आज पनि पढिन्छ। सन् १९७८ देखि देङ स्याओ पिङले चीनमा आर्थिक सुधारको थालनी गरेका हुन् । देशलाई क्रमशः उदार, व्यापार व्यवसाय एवं निजी क्षेत्र मैत्री आर्थिक व्यवस्थातिर लगेका हुन् । आजको चीनले आफूलाई विश्वको दोस्रो अर्थतन्त्र (१९ ट्रिलियन डलरको कुल ग्रार्हस्थ्य उत्पादन) बनाएको छ। एक अर्ब ४० करोड बढी चिनियाँ जनताको प्रतिव्यक्ति आय आज १३ हजार ७ सय डलर पुगिसकेको छ। त्यो सबै कुरा स्वदेश बनाउन नै युवाहरु लागिपरेबाट सम्भव भएको हो। आजका दिनमा चिनियाँहरु स्वदेशमै बस्न रुचाउँछन्। स्वदेशमै अनेक अवसर खोज्छन् । व्यापारमार्फत विश्वव्यापी पहुँच र प्रभाव बढाएका छन्। तर नेपाली युवाहरु भने अनेक बहानामा विदेश नै पलायन हुन लालायित छन् । पलायन यसरी बढ्दो छ कि धेरै त नर्फकिने मनसायले विदेश गइरहेका छन् । उतै घरजम गर्ने सपना देखिन्छन्। जुन नेपाली समाजको अहिलेको विकराल पीडा हो। तसर्थ, नेपाली युवायुवतीको सोच र सपना बदल्नुपर्ने बेला आएको छ। उनीहरुले आफ्ना शिक्षादीक्षा र पाखुरा स्वदेशकै लागि समर्पण गर्ने बेला आएको छ।

विक्रम संवत् २०७८ को जनगणना र मध्यपहाडी लोकमार्ग भएर अघिल्लो वर्ष नेकपा (एमाले)ले गरेको पैदल यात्रामा पहाडबाट बसाइँसराइ अत्यधिक बढेको कुरा आएको थियो। फलस्वरुप नेपाली मिडियामा बसाइँसराइ विशेष सघन बहसहरु भए। विकासको सन्तुलन र जनताको आकाङ्क्षा बुझ्न् सो बहस सान्दर्भिक हो। तर समकालीन नेपालमा बसाइँसराइभन्दा बढी देशै छोडेर विदेसिनेहरुले पीडा दिएको समय हो।

देशमा रोजगारी छैन। कानुनको सर्वोपरि कार्यान्वयन पनि छैन। सिस्टम बसेको छैन। झमेलाहरु छन्। हो सबै छन्। तर उद्यम व्यवसाय गर्न, आफ्नो सोचको कार्यान्वयन गर्न र राज्यलाई त्यसतर्फ घच्घच्याउन त हाम्रो कानुनहरु बाधक छैन। सबैले उद्यम व्यवसाय गर्न पाउने, लेख्न बोल्न पाउने, आफ्ना आवश्यकता र माग राज्यसँग राख्न पाउने अधिकार युवाहरुसँग छन् । नमिलेका कुराहरु मिलाउन सकिन्छ। युवाहरुका चाहना र आवश्यकताअनुसारका कानुन बनाउन सकिन्छ । बजेटमार्फत युवामैत्री कार्यक्रमहरु ल्याउन सकिन्छ। तर यी सबै विकल्पहरु त्यागेर विदेशको सुखलाई सपना बनाउनु राम्रो हँुदै होइन।

वास्तवमा अहिले त्यसरी विदेसिएकाहरुमध्ये युरोप, अमेरिका र अष्ट्रेलिया गएकाहरु सदाका लागि उतै बसोबास गर्ने गरी अन्तरदेशीय अघोषित बसाँइसराइ गरिरहेका देखिन्छन् । देशभित्रैबाट अर्को कुनै ठाउँमा बसाइँसराइ बढ्नु आजको आधुनिक समयमा सामान्य हो तर विदेशमा पलायन हुनुले दीर्घकालीन असर पार्दछ। यो सब अवस्था कसले निम्त्यायो ? विकासमा हामी किन पछि प¥यौँ ? रोजगारी सिर्जनामा हामी किन पछि प¥यौँ ? हामीलाई कसले रोक्यो ती काम गर्न ? अब ती कुरामा पनि बहसको खाँचो त छ। अन्यथा आगामी दिनहरुमा हाम्रा सारा युवाहरु विदेसिने छन्, जसलाई रोक्न सकिने छैन । अनि युवाहरु नै नभएपछि हुन्छ विकास कसरी ? फेरि त्यो विकास कसका लागि ? युवाहरु नै नभएपछि उपभोक्तामा माग कसरी बढ्छ ? बजार कसरी चलायमान हुन्छ ? अर्थतन्त्र कसरी चलायमान हुन्छ ? सबै कुरा जनसंख्याले, उपभोग बढाउने उमेरले निर्धारण गर्ने हो। बुढ्यौली भनेको जीवन बिसाउने तयारीको उमेर हो । बालबच्चाहरु भनेका शारीरिक रुपमा परिपक्व नभएका काँचा माटो सरह हुन्। त्यसकारण देशको विकासका लागि पढेलेखेका, सीप र दक्षताले योग्य, प्राविधिक युवाहरुबाट हुने हो । तिनै बाहिरिएपछि देशको आकर्षण हराउनु स्वाभाविक हो।

हरेक वर्ष नेपालको श्रम बजारमा करिब पाँच लाख युवा आइरहेका हुन्छन् । तीमध्ये साढे तीन लाखजसो बर्सेनि बाहिरिँदै गरेको नमीठो तथ्याङ्क पनि आउने गर्छ। अर्थात् श्रम बजारमा आउने सबैजसो युवाहरुले नेपालमा भविष्य देखिरहेका छैनन्। सरकारले आवश्यक चिन्ता प्रकट गरेर युवा पलायन रोक्ने कार्यक्रम र अभियान चलाउन सकेको छैन। आम युवाहरु देशमा केही नदेख्ने तर विदेशमा सबै देख्ने अवस्था राजनीतिक दलहरुका नेताहरुको अदूरर्शिताले सिर्जना गरेको हो । अष्टे«लिया, बेलायत, अमेरिकाजस्ता विकसित देशहरुमा पढ्न जाने विद्यार्थीहरुमा संख्यात्मक रुपमा नेपालीहरु भारत र चीनपछि तेस्रो–चौथो नम्बरमा आउन थालेका छन्। संसारभरका १०६ वटा देशका साढे १० हजार शिक्षण संस्थामा नेपाली विद्यार्थीलाई अध्ययन गर्न शिक्षा मन्त्रालयले अनुमति दिइसकेको अवस्था छ। पढ्नका लागि मात्रै अरबौँ पैसा बर्सेनि बाहिरिरहेको अवस्था छ।

पढ्नका लागि होस् वा पढ्ने बहानामा कमाउनका लागि होस् युवायुवतीहरु अहिले अमेरिका, अष्टे«लिया, बेलायत, युरोप, जपान, कोरिया र खाडी मुलुकहरुलगायत संसारभर पुगिसकेका छन् । यसरी संसारभर काम र दाम, सुखभोगको खोजीमा निस्किएका युवायुवतीले स्वदेशलाई नै अँध्यारो बनाएका छन् । मुलुकमा करिब काम गर्नसक्ने सार्मथ्य राख्ने युवाहरु रित्तिएको अवस्था छ। तर सरकारसँग युवाहरुको पलायन रोक्ने कार्यक्रमहरु छैनन् । त्यसकारण आउँदै गरेको आर्थिक वर्ष २०८२–८३ को बजटे युवामैत्री हुनुपर्छ। त्यसले युवाहरुको रोजगारी र उद्यम व्यवसाय गर्ने वातावरण बनाइदिनुपर्छ। अर्थात् आगामी बजेट विकासका ठूलाठूला परियोजनाहरुलाई भन्दा युवा जनशक्ति व्यवस्थापनमा बढी खर्च गर्नेगरी ल्याइँदा राम्रो हुन्छ।

अन्यथा भएभरका युवायुवतीहरु विदेश पलायन भइरहँदा नेपालको आधुनिक विकास 'आकासको फल आँखा तरी मर' भन्ने जस्तो हुन्छ । पछिल्लो २०७८ सालको जनगणनाअनुसार नेपालमा अहिले सबैभन्दा बढी काम गर्नसक्ने युवाहरुको जनसंख्या छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको २०७८ सालको जनगणना विवरणअनुसार मुलुकमा अहिले ६१.९६ प्रतिशत १५ देखि ५९ वर्ष उमेरका मानिसको जनघनत्व रहेको छ। त्यो समूह भनेको काम गर्नसक्ने युवा बाहुल्य उमेर समूह हो । तर विडम्बना त्यही उमेर समूहभित्रका धेरैजसो विदेसिएको अवस्था छ। त्यसकारण सरकारले देश नबन्नुका कारण युवा शक्ति बाहिरिनुले पनि हो भन्ने तथ्य राम्ररी बुझ्न् जरुरी छ। यो देश बन्न र बनाउनका लागि काम गर्न सक्ने जल्दाबल्दा युवाशक्ति र पुँजीको अपरिहार्यता छ । त्यसपछि आवश्यक योजना, प्रविधि र सीप तथा स्रोतको आवश्यक हो। उनीहरुलाई कसरी देशमै अड्याउने, कसरी काम दिने, कसरी रोजगार एवं सीपमूलक बनाउने सम्बन्धमा ठोस योजनासहितको कार्यक्रम तथा बजेट सरकारले ल्याउन जरुरी छ।

अबको ३२ वर्ष नेपालको जानसांख्यिक अवस्थाबाट देशले अत्यन्तै लाभ लिन सकिने अवस्था छ । वयस्कहरुको बर्चस्वको अवस्था देशका लागि लाभप्रद हुनसक्छ । राजनीति गर्नेहरुले युवा शक्तिको मर्म अहिले पनि बुझेनन् भने अब ३२ वर्षपछि नेपालको जनसंख्याको घनत्व बुढाहरुले हड्प्नेछन् । अनि त नेपाल विकास नभई बुढो हुनेछ। त्यसैले अहिले नै दीर्घकालीन सोच राख्न जरुरी छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# ‘आर्थिक सुधारका कार्यक्रमलाई उच्च महत्व दिएका छौं’

**काठमाडौँ,**
उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले मुलुकको समग्र आर्थिक सुधारलाई सरकारले उच्च महत्वका साथ अघि बढाइरहेको बताएका छन ।

आगामी आर्थिक वर्षको बजेटबारे विकास साझेदारसँग मंगलवार अर्थ मन्त्रालयमा भएको छलफलमा उनले आर्थिक सुधारको प्रक्रिया थालिसकेको र त्यसलाई भविष्यमा अझ प्रभावकारी रूपमा अघि बढाउने बताए ।


‘केही समयदेखि आर्थिक सुधार थालेका छौँ । त्यसबाट सकारात्मक नतिजा पाइरहेका छौँ । भविष्यमा पनि आर्थिक सुधारका कार्यक्रमलाई उच्च महत्व दिनेछौँ’, उनले भने, ‘अध्यादेशबाट गरिएका कानुन संशोधन, उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले दिएका सुझाव, विभिन्न नीति तथा निर्णय नीतिगत सुधारका महत्वपूर्ण पक्षहरु हुन् ।’

अर्थमन्त्री पौडेलले आगामी बजेट विशेष गरी निजी क्षेत्रलाई प्रोत्साहन गर्ने, रोजगारीका अवसर सिर्जना गर्ने, उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने र राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाउनेतर्फ केन्द्रित हुने जानकारी दिए ।

स्रोत सुनिश्चिताको हिसाबले सुविधाजनक अवस्था नरहेको उल्लेख गर्दै अर्थमन्त्री पौडेलले बजेट निर्माण गर्दा मितव्यितता, खर्च कटौती र सीमित साधन स्रोतलाई अत्याधिक प्रतिफल हुने गरी विनियोजन गर्नेमा ध्यान दिने बताए ।

‘वैदेशिक सहायतालाई नेपालको आवश्यकता र प्राथमिकतामा केन्द्रित गर्ने, त्यसको सही र प्रभावकारी सदुपयोग गर्नेमा हाम्रो ध्यान केन्द्रित हुनेछ । पूँजीगत खर्च र त्यो खच नहुँदाको समस्या समाधानका लागि पनि ध्यान दिएका छौँ,’ अर्थमन्त्री पौडेलले भने ।

संसदा प्रस्तुत गरेपछि आगामी बजेटलाई सबैले यथार्परक भनेर मूल्याङ्कन गर्ने विश्वास व्यक्त गर्दै



अर्थमन्त्रीले मुलुकको विकासमा मित्रराष्ट्र र विकास साझेदारका निरन्तर सहयोगको अपेक्षा सरकारले गरेको बताए । अर्थ सचिव घनश्याम उपाध्यायले आगामी वर्षको बजेटले आर्थिक अनुशासन र निजी क्षेत्रको आत्मविश्वास वृद्धिलाई प्राथमिकतामा राख्ने बताए ।

अर्थ मन्त्रालयको अन्तरराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा प्रमुख धनीराम शर्माले गत वर्षको तुलनामा चालु आवमा अर्थतन्त्र सुधारोन्मुख भएको बताए ।

मुलुकको विकास साझेदार एवं तिनका प्रतिनिधिले राजस्व परिचालन, स्रोतको अधिकतम सदुपयोग, यथार्थपरक बजेट निर्माण तथा कार्यान्वयनलगायत विषयमा सुझाव दिँदै भविष्यमा पनि नेपाललाई सहायता निरन्तर रहने प्रतिबद्धता व्यक्त गरेका थिए,

छलफलमा भारत, चीन, अमेरिका, बेलायत, जापान, कोरिया, अष्ट्रेलिया, नर्वे, जर्मनी, फिनल्याण्ड, युरोपेली सङ्घ, विश्व बैङ्क, एसियाली विकास बैङ्क, संयुक्त राष्ट्रसङ्घ, अन्तरराष्ट्रिय मुद्रा कोष, विश्व स्वास्थ्य सङ्गठनलगायत विकास साझेदार सहभागी थिए । रासस

# प्रधानमन्त्रीसँग अन्तर–संसदीय सम्मेलनका सहभागीको भेट



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीसँग ‘अन्तर–संसदीय सभामुख सम्मेलन’ (आइएससी)का सहभागीले मंगलवार भेटवार्ता गरेका छन प्रधानमन्त्री निवास, बालुवाटारमा भएको भेटमा संसदीय कूटनीति एवं सहयोगमार्फत शान्ति र साझा समृद्धिलाई अगाडि बढाउन अनुभव आदानप्रदान गरिएको थियो । सो अवसरमा प्रधानमन्त्री ओलीले साझा लक्ष्यका लागि अन्तरराष्ट्रिय मञ्चहरूमा (आइएससी) सँग मिलेर काम गर्न नेपाल सरकार तत्पर रहेको बताए ।

भेटमा मलेसियाली सांसदहरू दातुक विरा, डा मोहम्मद हट्टा बिन एमडी रामली, रोड्जिया बिन्ती इस्माइल र सांसद दातुक ल्यारी सङ वेइ शियनका साथै जापानका (आइएससी) का सल्लाहकार मासाइची होरीलगायत अन्य सहभागी छन । यसैगरी, नेपाली प्रतिनिधिका रुपमा (आइएससी) का नवनियुक्त महासचिव एकनाथ ढकाल, नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सचेतक सुनिता बराल र प्रधानमन्त्री ओलीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल सहभागी थिए ।रासस

# नागरिकका विकासका आकाङ्क्षा पूरा हुनेगरी बजेट ल्याउनुपर्ने

**काठमाडौँ ।**
उच्च आर्थिक वृद्धिदर र नागरिकका विकास आकाङ्क्षा सम्बोधन हुनेगरी आगामी आर्थिक वर्षको बजेट ल्याइनुपर्नेमा सांसदहरुले जोड दिएका छन् ।

प्रतिनिधिसभाको आजको बैठकको विशेष समयमा उहाँहरूले मौलिक हकको कार्यान्वयन, पूर्वाधार विकास, उत्पादकत्व वृद्धि तथा रोजगारी सृजनालाई केन्द्रमा राखेर बजेट ल्याइनुपर्ने बताएका हुन् ।

बैठकमा नेपाली कांग्रेसका सांसद दीपक गिरीले दाङको टरिगाउँ विमानस्थल निर्माणका लागि तीन अर्ब ४२ करोड रुपैयाँ लागत अनुमान गरिएकाले त्यति रकम विनियोजन गर्न सरकारसँग आग्रह गरे ।

नेपाल कम्युनिष्ट पार्टी ९एमाले०का सांसद जुली कुमारी महतो (महासेठ)ले आगामी आर्थिक वर्षको बजेटमा जनताका विकासका चाहना सम्बोधन हुनुपर्नेमा जोड दिईन । उनले रासायनिक मल कारखाना स्थापना, रुग्ण र बन्द कारखाना पुनःसञ्चालन र नयाँ कारखाना स्थापनाका लागि आवश्यक बजेट व्यवस्था गर्नुपर्छ भनिन ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद रणेन्द्र बरालीले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा दलित समुदायको उत्थानका निम्ति ठोस कार्यक्रम नल्याइएकामा रोष प्रकट गरे । नेपाल राष्ट्र बैङ्कको गभर्नर नियुक्तिमा भइरहेको ढिलाइले देशको अर्थव्यवस्थाप्रति राज्य गम्भीर नभएको अनुभूत हुन्छ भने । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सन्तोष परियारले संविधानले प्रत्याभूत गरेका नागरिकका अधिकार सुनिश्चित हुनेगरी आगामी आर्थिक वर्षको बजेट ल्याइनुपर्ने बताए ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद अनिसा नेपालीले राज्यको स्रोत साधनमाथि सबै नागरिकको समान पहुँचको प्रत्याभूतिको माग गरे ।रासस

# ‘सगरमाथा संवादले जलवायुजन्य सङ्कट समाधानको निष्कर्ष निकाल्ने’

**काठमाडौँ ।**
सांसद ठाकुरप्रसाद गैरेले जलवायुजन्य सङ्कटले सताइरहेको बेलामा जलवायु न्यायका लागि ‘सगरमाथा संवाद’ आयोजना हुनु सुखद पक्ष रहेको र संवादले जलवायुजन्य सङ्कट समाधानको निष्कर्ष निकाल्ने विश्वास व्यक्त गरेका छन ।

प्रतिनिधिसभा बैठकमा उहाँले जलवायु परिवर्तनको कारण बाढी पहिरोको जोखिम तथा अन्य प्राकृतिक विपद्का घटना बढिरहेकाले जलवायु न्याय स्थापित गर्न ढिलाइ गर्न नहुने बताए ।

बैठकमा सांसद डिगबहादुर लिम्बूले मोरङ क्षेत्र नं १ मा गत वर्ष असोजमा आएको बाढीका कारण सिँचाइ तथा खानेपानीका मुहान सुक्दै गइरहेकाले विपद् व्यवस्थापन गर्न ती क्षेत्रमा बजेट विनियोजन गर्न सरकारसँग माग गरे ।

सांसद डोलप्रसाद अर्यालले वर्षायाममा बाढी पहिरोबाट नागरिकले कष्ट भोग्नुपर्ने भएकाले समयमै विपद् व्यवस्थापनको वातावरण सिर्जना गर्न सरकारको ध्यानाकर्षण गराए । सांसद तारा लामा तामाङले शुक्लाफाँटा वन्यजन्तु आरक्ष विस्तारपछि विस्थापित परिवारको पुनस्थापना गर्न सरकारसँग माग गरिन । सांसद डा तोसिमा कार्कीले राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको काठमाडौँ–तराई–मधेश द्रुतमार्गको काम अगाडि बढाउन सरकारको ध्यानाकर्षण गराईन ।

सांसद दिक्पालकुमार शाहीले दैलेखको आठबीस नगरपालिकामा विद्युत् वितरण अव्यवस्थित भएकाले त्यसलाई व्यवस्थित गर्न आग्रह गरे । सांसद दीपकबहादुर सिंहले जिल्ला दर रेट कायम राख्दा राजस्व कार्यालयलाई पनि राय दिनका लागि राख्नुपर्ने तथा नीतिगत भ्रष्टाचार रोक्नुपर्नेमा जोड दिए ।सांसद नारायणी शर्माले तराई–मधेशमा तापक्रम अत्यधिक बढिरहेको बेलामा विद्युत्भार कटौती भइरहेकाले त्यसतर्फ सरकारको ध्यानाकर्षण गराईन ।सांसद निशा डाँगीले मुलुकको दिगो विकास, सीप विकासको तालिम र रोजगारी तथा गुणस्तरीय शिक्षा, सुशासनको आवश्यकता रहेको बताईन ।

सांसद पुष्पबहादुर शाहले ५० शय्याको अछाम जिल्ला अस्पतालको ठेक्का प्रक्रिया अगाडि बढाएकाले त्यसका लागि आगामी आर्थिक वर्षमा बजेट विनियोजन गर्न माग गरिन । सांसद प्रकाश ज्वालाले सल्यान तरकारी तथा फलफूलको भण्डार रहेकाले सिँचाइ र विद्युत्को व्यवस्था गर्नुपर्नेमा जोड दिईन ।

सांसद प्रेमबहादुर महर्जनले गत वर्ष असोज ११ र १२ गते गएको बाढीका कारण ठूलो धनजनको क्षति भएकाले जोखिमपूर्ण बस्तीको सुरक्षाका लागि पहल गर्नुपर्ने, भत्किएका पुलहरु मर्मत तथा समयमा नै नदी सफाइ गर्नुपर्नेमा जोड दिए ।

सांसद विन्दबासिनी कङ्साकारले हेटौँडा उपमहानगरपालिका–१७ सञ्चार सुविधाविहीन रहेकाले त्यसतर्फ ध्यान दिन आग्रह गरिन ।रासस

# महँगी बढेकाले बजार अनुमगन गर्न सांसदको आग्रह

**काठमाडौँ ।**
सांसद विष्णुदेवी पुडासैनीले बजारमा कृत्रिम अभाव सृजना गरी महँगी बढाइएकाले बजार अनुमगन गर्न सरकारसँग आग्रह गरेकी छन ।

राष्ट्रियसभा बैठकको शून्य समयमा सांसद पुडासैनीले बजार अनुगमन प्रभावकारी रुपमा आगाडि बढाउन माग गरे । सांसद घनश्याम रिजालले दोलखाको भीमेश्वर नगरपालिकाको ‘दोलखा चलचित्र नगरी’ योजना अधुरै रहेको उल्लेख गर्दै समयमा नै सो कार्य अगाडि बढाउन आर्थिक वर्ष २०८२/८३ मा आवश्यक बजेट विनियोजन गर्न सरकारसँग माग गरे ।

सांसद पदमबहादुर परियारले व्यास नगरपालिकाद्वारा अघि बढाइएको सरसफाइ व्यवस्थापन केन्द्र निर्माण गर्न सङ्घीय सरकारसमक्ष पेस भएको योजना कार्यान्वयन हुनुपर्नेमा जोड दिए । सांसद पूजा चौधरीले तराई–मधेशमा डेङ्गु नियन्त्रण गर्न आवश्यक पहलका लागि माग गरे ।

सांसद मनरुपा शर्माले शान्तिप्रक्रियाको बाँकी काम समयमा नै टुङ्ग्याउन आग्रह गर्नुभयो । सांसद रुक्मिणी कोइरालाले कोशी प्रदेशका विभिन्न जिल्लामा मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणको पहलका लागि अनुरोध गरे ।

सांसद रेणु चन्दले बाजुराको त्रिवेणी नगरपालिकाको मौरेमा समयमै पुल निर्माण सरकारको ध्यानाकर्षण गराए । सांसद विष्णुकुमारी सापकोटाले रुस–युक्रेन युद्धमा नेपाली नागरिकले अनाहकमा ज्यान गुमाउनुपरेको भन्दै त्यसतर्फ ध्यान दिन सरकारसँग माग गरे ।

सांसद विष्णुबहादुर विश्वकर्माले सप्तरीको सुरुङ्गा नगरपालिकाकी पूजाकुमारी रामको बलात्कारपछि हत्या गरिएको उल्लेख गर्दै दोषीलाई कानुनी दायरामा ल्याउन माग गरे । सांसद श्रीकृष्णप्रसाद अधिकारीले साउदी अरबमा अलपत्र परेका नेपाली कामदारको उद्धारको पहल गर्न सरकारको ध्यानाकर्षण गराए । सांसद सावित्री मल्लले निर्माण सामग्रीको मूल्यवृद्धि नियन्त्रण गर्न माग गरे ।रासस

# राजविराज औद्योगिक क्षेत्र सञ्चालनको माग

**काठमाडौँ ।**
सांसद रञ्जुकुमारी झाले राजविराज औद्योगिक क्षेत्र सञ्चालनको माग गर्नुभएको
छ । करिब ३८ वर्ष अघि सप्तरीको राजविराजमा स्थापना भएको औद्योगिक क्षेत्र हालसम्म पनि सञ्चालनमा आउन नसकेकामा उनले गुनासो गरे ।

प्रतिनिधिसभाको मंगलवारको बैठकको विशेष समयमा सांसद झाले आवश्यक साधन र स्रोतको प्रबन्ध गरेर सो औद्योगिक क्षेत्र सञ्चालन गर्न तथा आर्थिक विकासको मार्गमा स्थानीयवासीलाई केन्द्रित गर्न सरकारसँग माग गरिन ।

सांसद अब्दुल खानले झन्डै दुई महिनादेखि विभिन्न माग राख्दै आन्दोलनरत पिछडा वर्गलाई वार्तामा बोलाई समस्या समाधान गर्नुपर्नेमा जोड दिए । उनले चामल नभई धान आयात गर्नुपर्ने, इँटा उद्योगलाई कानुनी दायरामा ल्याउन तथा बिमाको प्रबन्ध गर्न सरकारको ध्यानाकर्षण गराए ।

सांसद रामप्रकाश चौधरीले तराईका विभिन्न जिल्लामा ट्रान्सफर्मर चोरी हुँदा किसान मर्कामा परेको विषय संसदमा उठाए ।

सांसद रञ्जिता श्रेष्ठले कैलालीमा बस्दै आएका थारू र दलित समुदायका कतिपय परिवारसँग एक टुक्रा पनि जमिन नहुनु दुःखद भएका बताईन उनले ती समुदायलाई तत्काल लालपुर्जा र भूमि उपलब्ध गराउन सरकारसँग माग गरे ।

सांसद प्रेम सुवालले बुद्ध दर्शन मानव जातिको हित प्रवद्र्धन गर्ने सोच र मान्यता भएको उल्लेख गर्दै समाजलाई थप मार्गदर्शन गर्न यसको प्रचारप्रसार आवश्यक भएको बताए ।

सांसद चित्रबहादुर केसीले बाग्लुङमा निर्माणाधीन पुष्पलाल लोकमार्गमा भइरहेको ढिलाइप्रति आपत्ति प्रकट गर्दै निर्माण व्यवसायीलाई जिम्मेवार बनाउन आग्रह गरे ।

सांसद प्रभु साहले मेची महाकालीका जनताले हुलाकी राजमार्गमा सहज रुपमा यात्रा गर्ने वातावरण बनाउन सरकारको ध्यानाकर्षण
गराए ।

सांसद सरस्वती बजिमयले मुलुकभित्र सूचना प्रविधिको क्षेत्रमा लगानी विस्तार भइरहेको बेला नीतिगत अस्थिरताका कारण समस्या पैदा भएकाले तत्काल समस्या समाधान गर्न आग्रह गरे । उनले सो क्षेत्रमा कर छुट दिई लगानी विस्तार हुने वातावरण बनाउन माग गरे ।

सांसद नारायणप्रसाद आचार्यले क्षणिक लाभका लागि तथ्य र अवस्था बिर्सेर केवल भाइरल हुने उद्देश्य राखेर राजनीतिलाई विकृत बनाउन नहुने बताए । उनले देश र जनतालाई आशावादी बनाउने सोचका साथ राजनीतिक गतिविधिलाई अगाडि बढाउनुपर्ने धारणा राखे । कालीगण्डकी करिडोर, नागढुङ्गा नौबिसे सुरुङमार्ग, सिद्धबाबा सुरुङमार्ग जस्ता विकास निर्माणका बारेमा संसदा छलफल गर्न सांसद आचार्यले माग गरे ।रासस

**क्रेनिओफ़ेसियल सेन्टर नेपाल द्वारा संचालित सिएफसी नेपाल हस्पिटल आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन तयारी सम्बन्धी ७ दिने**

**सार्वजनिक सूचना**

(प्रकाशित मिति २०८२/०१/३१)

मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुरधाम उप- महानगरपालिकामा क्रेनिओफ़ेसियल सेन्टर नेपालद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः सिएफसी नेपाल हस्पिटल<br>जनकपुरधाम उप- महानगरपालिका वार्ड नं ८, धनुषा जिल्ला, मधेश प्रदेश, नेपाल<br>ईमेल : cfchospital@hotmail.com<br>फोन नं.: ९८०२२००८७७,९८१५८०७४२६, ९८४४३३१९९५ |
| प्रस्तावको व्यहोरा | जनकपुरधाम उप- महानगरपालिका वडा नं. ८, स्थित सिएफसी नेपाल हस्पिटलले २६ शैया क्षमतामा स्तरौन्नती गरी उच्च गुणस्तरीय परिक्षण बिधिहरु, आधुनिक प्रबिधी र उपकरणहरु जडित निदानात्मक र उपचारात्मक उपचार गर्ने अस्पताल संचालन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | धनुषा जिल्ला/ जनकपुरधाम उप- महानगरपालिका वडा नं ८ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न जनकपुरधाम उप-महानगरपालिका वडा नं. ८ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सूचना टाँस भएको निकाय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | क्रेनिओफ़ेसियल सेन्टर नेपाल<br>जनकपुरधाम उप- महानगरपालिका वडा नं.-८, धनुषा<br>इमेलः cfchospital@hotmail.com<br>फोन नं.: ९८०२२००८७७,९८१५८०७४२६, ९८४४३३१९९५ |
| परामर्शदाताको नाम र ठेगाना | सिर कन्सल्टेन्सी प्रा. लि.<br>कौशलटार, भक्तपुर<br>इमेलः seerconsultancy@gmail.com<br>सम्पर्क नंः ९८४१८३५४५९ |

# दोहोरो अङ्कले घट्यो नेप्से, नौ अर्ब ६३ करोड ४८ लाखको कारोबार

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट भएको छ । मंगलवार नेप्से परिसूचक १४ दशमलव ८७ अङ्कले घटेर दुई हजार छ सय ३४ दशमलव २३ को बिन्दुमा कायम भएको हो ।आज तीन सय १४ कम्पनीको दुई करोड १८ लाख २८ हजार दुई सय ३१ कित्ता शेयर एक लाख दुई हजार चार सय ४५ पटक खरिदबिक्री हुँदा नौ अर्ब ६३ करोड ४८ लाख १२ हजार छ सय १२ रुपैयाँ बराबरको कारोबार भएको छ ।

विकास बैंक समूह शून्य दशमलव ८८, जीवन बीमा शून्य दशमलव ९५ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ३४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ३०, वित्त एक दशमलव ९१, होटल तथा पर्यटन दुई दशमलव २१, जलविद्युत् एक दशमलव १८ र लगानी समूह शून्य दशमलव ७९ प्रतिशतले घटेको छ ।त्यसैगरी, लघुवित्त शून्य दशमलव ६९, म्युचुअल फन्ड शून्य दशमलव १८, निर्जीवन बीमा समूह शून्य दशमलव ५९, व्यापार दुई दशमलव ४६ र अन्य समूह शून्य दशमलव ६० प्रतिशतले घटेको छ । आजको कारोबारमा क्रेष्ट माइक्रोलाईफ इन्स्योरेन्स लिमिटेड र ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव ९३ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज युनिभर्सल पावर कम्पनी लिमिटेड सबैभन्दा माथि छ । यो कम्पनीको रु ६७ करोड २० लाख ८५ हजार ८० बराबरको १५ लाख ४६ हजार चार सय ८९ कित्ता शेयर किनबेच भएको छ ।रासस

# ब्रह्माण्ड सोचेभन्दा छिटो मर्दैछः नयाँ अनुसन्धान

**हेग ।**
डच वैज्ञानिकहरूको नयाँ अनुसन्धान अनुसार ब्रह्माण्ड पहिले सोचेभन्दा धेरै छिटो अन्त्य हुने अवस्थामा छ ।

तर आत्तिनुपर्ने ठूलो आवश्यकता छैन । यो घटना हुन अझै १० को पावर ७८ वर्ष बाँकी छ – अर्थात् एक अङ्कको पछाडि ७८ वटा शून्य ।

यद्यपि यो अघिको अनुमान १० को पावर एक हजार एक सय वर्षबाट ठूलो संशोधन हो । रेडबाउड युनिभर्सिटीको अनुसन्धान पेपरले जर्नल अफ कोस्मोलोजी र एस्ट्रोपार्टिकल फिजिक्समा प्रकाशित गरेको छ ।

'ब्रह्माण्डको अन्तिम अन्त्य अपेक्षाभन्दा धेरै चाँडै आउँदैछ तर सौभाग्यवश यसले अझै पनि धेरै लामो समय लिन्छ', प्रमुख लेखक ह्निो फाल्केले भने ।रेडबाउडका तीन वैज्ञानिकले सबैभन्दा 'टिकाउ' खगोलीय पिण्डहरू – सेतो पुड्का ताराहरू – अन्ततः कहिले मर्नेछन् भनेर गणना गर्न सुरु गरे ।

उनीहरूले आफ्नो गणना प्रसिद्ध ब्रिटिश भौतिकशास्त्री स्टिफन हकिङको नाममा राखिएको हकिङ विकिरणमा आधारित गरेका थिए ।

सन् १९७० को दशकको मध्यमा हकिङले ब्ल्याक होलले विकिरण चुहावट गर्छ, विस्तारै एक गिलास पानीमा एस्पिरिन जस्तै घुलनशील हुन्छ–जसले तिनीहरूलाई एक सीमित जीवनकाल दिन्छ भन्ने धारणा राख्नुभएको थियो ।

रेडबाउडका वैज्ञानिकहरूले यसलाई ब्रह्माण्डका अन्य वस्तुहरूमा विस्तार गरे र 'वाष्पीकरण समय' घनत्वमा निर्भर गर्दछ भनी गणना गरे ।

यसले उनीहरूलाई सबैभन्दा लामो जीवित रहने पिण्ड सेतो पुड्को ताराको सैद्धान्तिक विघटन गणना गर्न सक्षम बनायो ।

'यस्ता प्रश्नहरू सोधेर र चरम मामिलाहरू हेरेर हामी सिद्धान्तलाई राम्रोसँग बुझ्न चाहन्छौँ र शायद एक दिन हामी हकिङ विकिरणको रहस्य उजागर गर्न सक्छौँ', सह–लेखक वाल्टर भान सुइजलेकोमले भन्नुभयो, "मानवजातिले ब्रह्माण्डको अन्त्यबारे धेरै चिन्ता गर्नु पर्दैन । हामी पृथ्वी ग्रहबाट नभागुन्जेलसम्म केही हुँदैन ।'

वैज्ञानिकहरू हाम्रो सूर्य लगभग एक अर्ब वर्षमा समुद्रहरूलाई उमाल्दै जीवनका लागि अति तातो हुनेछ भन्ने सोच्छन् ।

लगभग आठ अर्ब वर्षमा हाम्रो तारा अन्ततः पृथ्वीतिर विस्तार हुनेछ, अन्ततः हाम्रो बाँझो र निर्जीव ग्रहलाई डुबाएर यसलाई आगोको मृत्युमा परिणत गर्नेछ । एएफपी

# विदेशबाट फर्किएर च्याउखेतीमा रमाउँदै अजित भुजेल

**सुनसरी ।**
तीन वर्ष वैदेशिक रोजगारबाट स्वदेश फर्किनुभएका बराहक्षेत्र नगरपालिका–९ का अजित भुजेल अहिले बारीमा च्याउखेती गरेर वार्षिक १८ लाख रुपैयाँ भन्दा बढी बचत गरिरहेका छन । दुबईको त्यो तातो घाम पसिना र परदेशको पीडाले थिचिएका उनि अहिले च्याउको टनेलभित्र हरियाली सपना देखिरहेका छन ।



अजितले दुबईमा काम गर्दा महिनाको ३५–४० हजाररुपैयाँ कमाउछ्न तर त्यो पैसाले खासै जीवन चलाउन सजिलो भने थिएन । आफूलाई खाना खर्च अनि घरखर्च पठाउँदै सकिन्थ्यो । बचत त के गर्नु र कहिलेकाहीँ त ऋणै लाग्थ्यो । उन भने 'गाउँ आएपछि हातमा धेरै पैसा थिएन, तर मनभित्र एउटा आँट र अनुभव भने थियो । अब विदेश होइन, आफ्नै देशमा केही गर्नुपर्छ भन्ने सोचले च्याउखेती सुरु गरेँ ।'

उनले भने, 'सुरुका दिनमा दुःख र चुनौती भए पनि अहिले व्यवसायले फन्को मार्यो । विसं २०७० मा दुईवटा टनेलमा दुई लाख २७ हजार रुपैयाँको लगानीमा सुरु गरेको थिएँ । सुरुमा च्याउ बिक्री गर्न बजारको समस्या निकै थियो, उत्पादन हुन्थ्यो तर बिक्रीका लागि बजारको समस्या, प्रविधिको अभाव, सीप नहुनु र रोगको समस्या आयो । तर, तालिम र अनुभवले समस्या पार गरेँ । विस्तारै बिक्रीका लागि बजारको समस्या पनि हट्यो, अहिले सबै राम्रो छ ।'

अहिले उनले १२ टनेलमा च्याउखेती गर्दै आएका छन । ती टनेलबाट अफसिजनमा दिनहुँ करिब तीन सय केजी बढी च्याउ उत्पादन हुने गरेको छभने सिजनमा छ सय केजीसम्म च्याउ उत्पादन हुने गरेको उनि बताछ्न ।

पुसदेखि फागुनसम्म च्याउ राम्रो उत्पादन हुने सिजन हो । उनि भन्छन, 'त्यो समय राम्रो उत्पादन भए पनि बजारमा मूल्य भने कम हुन्छ, जुन समय प्रतिकेजी रु ६० देखि रु ८० मा बिक्री गर्नुपर्छ । अहिले भने मैले प्रतिकेजी एक सय ६० रुपैयाँ देखि एक सय ७० रुपैयाँ सम्ममा बिक्री गरिरहेको छु । अहिले यही च्याउखेतीले दिएको राम्रो आम्दानीबाट घरखर्च धनेर वर्षमा १८ लाख रुपैयाँ बढी मज्जाले बचत हुने गरेको छ ।' अहिले वर्षमा र २२ देखि २४ लाखसम्मको च्याउ बिक्री हुन्छ । सबै खर्च कटाएर १८ लाख रुपैयाँ बचत गर्ने गरेको उनले बताए ।

अहिले उत्पादन गरेको च्याउ बिक्रीका लागि बजारको समस्या छैन । सुरुमा बजार अभाव भए पनि अब त्यो समस्या छैन । व्यापारी आफैँ फार्ममा च्याउ खोज्दै आउनुहुन्छ भने केही व्यापारीले हामीलाई दिने च्याउ बाँकी छ कि छैन भनेर फोन गर्छन् । उनि भन्छन, 'व्यापारी फार्ममै च्याउ खरिद गर्न आउँदा हामीले २० रुपैयाँ देखि ३०रुपैयाँ कम मूल्यमा दिने गरेका छौँ । आफैँले बजार पुर्याउन सके हामीलाई नाफा हुन्छ । धेरैजसो धरान इटहरी चक्रघटी, कालाबन्जरलगायत स्थानीय बजारमा भने म आफैँले पुर्याउने गरेको छु भने विराटनगर, राजविराजलगायत ठाउँबाट व्यापारी आफैँ लिन आउने गरेका छन् ।'

अहिले उनले टनेलमा दुई जना युवालाई रोजगारी दिनुभएको छभने बाँकी परिवारलाई पनि यही च्याउखेतीमा रोजगारी मिलेको उनले सुनाए । देशमा केही छैन भन्ने कुरा त अब पुरानो भयो, काम गर्ने मान्छे अनि इच्छा भयो भने आफ्नै देशमा मनग्य पैसा कमाउन सकिने उनको भनाइ छ ।

परदेशको कमाइ परदेशमै सकिन्छ । तर केही व्यापार गर्दा सिकेर गरियो भने आम्दानी मनग्य छ । उनले भने, 'च्याउखेतीका लागि विशेष खालको स्याहारको आवश्यकता पर्छ भने सधैँ एकनासको व्यापार हुँदैन, तर च्याउखेती कम जग्गा र थोरै लगानीमा पनि राम्रै आम्दानी गर्न सकिने उनको अनुभव छ ।

च्याउखेतीका लागि विशेषगरी पराल र चुन आवश्यक पर्छ । त्यसबाहेक बाँस र खरले छाएको टहरासँगै प्लाष्टिक र झुल पनि चाहिन्छ । च्याउखेतीमा चार–पाँच दिन मज्जाले खटेर काम गरियो भने एक महिनासम्म ढुक्क हुन्छ । उनले अहिले कन्य जातको च्याउखेती गरिरहेका छन । यसमा विषादीको प्रयोग नगरी उत्पादन गरिने भएकाले स्वास्थ्यका लागि पनि राम्रो मानिन्छ अनि बजारमा यसको माग पनि बढ्दो रहेको भुजेलले बताए । रासस

# ट्रम्पको पहिलो औपचारिक विदेश भ्रमण साउदीबाट, साउदीले अमेरिकामा १ ट्रिलियन लगानी गर्ने

**वासिंगटन डिसी ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आजबाट साउदी अरबको भ्रमणमा जाने भएका छन् । दोस्रो पटक राष्ट्रपति बनेपछि ट्रम्पको यो पहिलो औपचारिक विदेश भ्रमण हो । यसअघि उनी पोप फ्रान्सिसको अन्त्येष्टिमा सहभागी हुन अप्रिल २६ मा भ्याटिकन सिटी पुगेका थिए ।

ट्रम्पले मे १३ मा साउदीको राजधानी रियादमा युवराज मोहम्मद बिन सलमान (एमबीएस) सँग भेट गर्नेछन् । त्यसपछि उनले मे १४ मा खाडी नेताहरुको शिखर सम्मेलनमा सहभागी हुन कतार जानेछन् । ट्रम्प आफ्नो भ्रमणको अन्तिम दिन मे १५ मा युएई पुग्नेछन् ।

खासमा अमेरिकाको राष्ट्रपति बनेपछि क्यानडा, मेक्सिको वा कुनै पनि युरोपेली देश घुम्ने पुरानो चलन रहेको छ । तर, सन् २०१७ मा राष्ट्रपति बनेपछि ट्रम्पले सबैभन्दा पहिले साउदी अरेबिया पुगेर यो परम्परा तोडेका थिए ।दोस्रो पटक राष्ट्रपतिको रूपमा सपथ लिए पछि ट्रम्पले पहिलो व्यक्तिलाई साउदी राजकुमार एमबीएसलाई अमेरिका बोलाएका थिए । दुई नेताले मध्यपूर्वमा स्थायित्व ल्याउने, क्षेत्रीय सुरक्षा सुदृढ गर्ने र आतंकवादविरुद्ध लड्ने प्रयासबारे छलफल गरेका थिए।

यस पछि साउदी सरकारले विज्ञप्ति जारी गर्दै आफ्नो देश आगामी चार वर्षभित्र अमेरिकामा ६०० अर्ब डलर लगानी गर्न तयार रहेको बताएको थियो । यद्यपि, ट्रम्पले भनेका थिए कि उनी यसलाई बढाएर १ ट्रिलियन डलरमा पुर्‍याउन चाहन्छन्, जसमा थप अमेरिकी सैन्य उपकरण खरिद पनि समावेश रहेको छ। साउदीको सार्वभौम सम्पत्ति कोष र सार्वजनिक लगानी कोष (पीआईएफ) मा ९२५ बिलियन रकम छ।

साउदीले यस कोषमार्फत अमेरिकामा धेरै लगानी गरिसकेको छ। साथै, युएईले पनि आगामी १० वर्षमा अमेरिकाको एआई, सेमिकन्डक्टर, ऊर्जा र पूर्वाधार क्षेत्रमा १.४ ट्रिलियन डलर लगानी गर्ने इच्छा पनि व्यक्त गरेको छ ।

ट्रम्पले आफ्नो पहिलो कार्यकालमा साउदी अरेबियालगायत खाडी मुलुकसँग राम्रो सम्बन्ध स्थापना गरेका थिए । ट्रम्पले पद छोडेपछि पनि साउदी अरेबियाले ट्रम्पका ज्वाइँ र पूर्व सहयोगी जारेड कुशनरको फर्ममा २ अर्ब डलर लगानी गरेको थियो ।

उता, कतारले ट्रम्पलाई ५५ अर्ब मुल्यको बिशेष बिमान जेट उपहार दिदैँछ ।जमाल खशोग्गीको हत्यापछि साउदी अरेबिया र अमेरिकाबीचको सम्बन्ध प्रभावित हुँदा कुश्नरले त्यसलाई सम्हाल्न सहयोग गरेको दाबी धेरै रिपोर्टहरूले गरेका छन्।

ट्रम्पले साउदी अरेबियाको यो भ्रमण यस्तो समयमा गर्दैछन् जब उनको ट्यारिफले विश्वभर अशान्ति मच्चाएको छ। अमेरिकाको आर्थिक उत्पादन यस वर्षको पहिलो तीन महिनामा घटेको छ, जुन पछिल्लो तीन वर्षमा पहिलो गिरावट हो। एजेन्सी


**Effective from 01 Jestha 2082 (15th May 2025)**

**INTEREST RATES**

**Deposit**

| Saving Deposit | Minimum Balance | % Per Annum | |
|---|---|---|---|
| Corporate Saving Account | 100 | 4.00 | |
| CorporateNari Bachat Khata | 1,000 | 4.20 | |
| CorporateSenior Saving | 1,000 | 4.20 | |
| Corporate Student Saving | 100 | 4.20 | |
| Corporate Bal Bachat | 1,000 | 4.20 | |
| Corporate Higher Saving | 5,000 | 4.65 | |
| CorporateFast Track | 10,000 | 4.85 | |
| Corporate Patron | 15,000 | 5.00 | |
| Super Corporate Saving | 25,000 | 5.50 | |
| Corporate Golden Saving | 50,000 | 5.75 | |
| Social Security Account | - | 4.00 | |
| Call Account | - | Up to 2.00 | |
| **Recurring Account** | | | |
| 3 Year Corporate Recurring | 1,000 | 6.00 | |
| 5 Year Corporate Recurring | 1,000 | 6.25 | |
| Above 5 Years Recurring | 100,000 | 6.50 | |
| Corporate Fixed Return | 100,000 | 6.50 | |
| Corporate Fifty Fixed | 100,000 | 6.00 | |
| **Fixed Deposit** | | Individual Minimum 3 Months | Institutional Minimum 6 Months |
| 3 months | - | 6.30% | 5.30% |
| 6 months | - | 6.50% | 5.50% |
| 1 Year | - | 6.75% | 5.75% |
| Above1 Year to 2 Years | - | 7.00% | 6.00% |
| Above 2 years | - | 7.50% | 6.50% |
| Special Fixed Deposit for 10 Months | 10,00,000 | 7.10% | 6.10% |

**Loan and Advance**

| | Premium over Base Rate (% p.a.) |
|---|---|
| Business Loan | 2% to 4% |
| Industrial Loan | 2% to 4% |
| Home Loan | 2% to 4% |
| Vehicle Loan/Auto Loan | 2% to 4% |
| Education Loan | 2% to 4% |
| Personal Overdraft | 3% to 5% |
| Term Loan | 2% to 4% |
| Agriculture Loan | Up to 2% |
| Prime Loan | 1.5% to 3.5% |
| **Deprived Sector** | |
| 1. Deprived Sector Loan (Institutional) | Up to 2% |
| 2. Deprived Sector Loan (Personal) | Up to 3% |
| 3. DSL Auto Loan/Low Cost Housing/others | Up to 3% |
| Other Loan | Up to 5% |
| Loan Against Fixed Deposit | Coupon rate + 2% or Base Rate (Whichever is higher) |
| **Fixed Interest Rate on Term loan up to 15 Years:** | Base Rate +4.5% |
| Average Base Rate (Chaitra end 2081) | 9.67% |

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको ईजाजत पत्र प्रप्त संस्था)

**Head Office:** Geeta Mandir Road, Birgunj Parsa
Tel. No. : 051-531031
Branches: Buspark ( Bypass), Birgunj /Dryport Shrisiya, Birgunj / Tedaroad ,chorni, (Jeetpur)


## आशाराम हस्पिटल आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन तयारी सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२/०१/३१)

मधेश प्रदेश, पर्सा जिल्ला, बीरगंज महानगरपालिकामा आशाराम हस्पिटलद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः आशाराम हस्पिटल<br>बीरगंज महानगरपालिका वार्ड नं ८, पर्सा जिल्ला, मधेश प्रदेश, नेपाल<br>ईमेलः help.asharamhospital@gmail.com<br>फोन नं.: ९८४५१९०६६६, ०५१-५३४४०३, ९८६८८१६२१६ |
| प्रस्तावको व्यहोरा | बीरगंज महानगरपालिका वडा नं. ८, स्थित आशाराम हस्पिटलले ५० शैया क्षमतामा स्तरौन्नती गरी उच्च गुणस्तरीय परिक्षण बिधिहरु, आधुनिक प्रबिधी र उपकरणहरु जडित निदानात्मक र उपचारात्मक उपचार गर्ने अस्पताल संचालन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | पर्सा जिल्ला/ बीरगंज महानगरपालिका वडा नं ८ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न बीरगंज महानगरपालिका वडा नं. ८ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सूचना टाँस भएको निकाय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | आशाराम हस्पिटल प्रा. लि.<br>बीरगंज महानगरपालिका वडा नं.-८, पर्सा<br>इमेलः : help.asharamhospital@gmail.com<br>फोन नं.: ९८४५१९०६६६, ०५१-५३४४०३, ९८६८८१६२१६ |
| परामर्शदाताको नाम र ठेगाना | सिर कन्सल्टेन्सी प्रा. लि.<br>कौशलटार, भक्तपुर<br>इमेलः seerconsultancy@gmail.com<br>सम्पर्क नंः ९८४१८३५४५९ |

# 'हाम्रो भूमिका कानुन बनाउने भए पनि पुल बनाऔँ बाटो बनाऔँ भन्नु परेको छ': बर्तौला



**काठमाडौँ ।**

*नेपाल कम्युनिष्ट पार्टी (एमाले) का युवा नेता महेश बर्तौला अहिले प्रमुख सचेतक छन । २०५३ सालदेखि राजनीतिक यात्रा सुरु गर्नुभएका प्रमुख सचेतक मकवानपुर जिल्लाको निर्वाचन क्षेत्र नं २ बाट निर्वाचित भएका हुन । उनि ०५९ देखि २०६३ सम्म एमालेको भ्रातृ सङ्गठन अनेरास्ववियुको जिल्ला अध्यक्ष बनेका थिए । २०६२ र २०६५ सालमा स्ववियु सभापति निर्वाचित भएसँगै राजनीतिमा सक्रिय भए ।*

*प्रमुख सचेतक बर्तौतासँग सरकारको नीति तथा कार्यक्रम, संविधान कार्यान्वयन र संशोधन, सङ्घीयताको कार्यान्वयनलगायत जनताका समसामयिक विषयमा केन्द्रित भएर राससका समाचारदाता सुशील दर्नालले लिएका अन्तर्वार्ताको सम्पादत अङ्श ।*

**संविधान जारी भएको करिब दश वर्ष भएको छ, यो दश वर्षको अवधिमा कार्यान्वयनको अवस्थालाई तपाईंले कसरी हेर्नु भएको छ ?**

–संविधानलाई पूर्ण रुपमा कार्यान्वयन गर्नका निम्ति आवश्यक कानुन निर्माण गर्नुपर्ने हुन्छ । त्यसरी हेर्दा, संविधान कार्यान्वयनसँग जोडिएका कतिपय महत्वपूर्ण कानुन बनेका छन् । तथापि, त्यसभित्र पनि सङ्घीयतालाई कार्यान्वयन गर्ने कतिपय कानुन निर्माणकै चरणमै छन् । हामीले जुन शासकीय स्वरुप बनाएका छौँ, त्यसलाई अझै बलियो बनाउने गरी, मजबुद बनाउने ढङ्गबाट कार्यान्वयन गर्नेगरी कानुन निर्माण हुन बाँकी नै छ । विशेषगरी सङ्घीय निजामतीसँग सम्बन्धित ऐन, शिक्षासँग सम्बन्धित ऐन, सङ्घीय प्रहरीसँग सम्बन्धित ऐन समयमै ल्याउन सकेका छैनौँ । यी कानुन समयमै बन्न नसक्दा संविधान कार्यान्वयनको बाटोमा अगाडि बढ्नका लागि केही अफ्ठयारो भएको छ । यी कानुन समयमै बन्नुपर्ने सवालमा प्रश्न पनि उठेको छ । त्यसकारण, हामीले संविधान कार्यान्वनसँग जोडिएका, सङ्घीयता कार्यान्वयनसँग जोडिएका मूलभूत महत्वपूर्ण विधेयक छिटो निष्कर्षमा पु¥याउने गरी काम गरिरहेका छौँ । संविधान कार्यान्वयनलाई हेर्दा दश वर्षको बीचमा दुईवटा निर्वाचन सम्पन्न भएको छ । कार्यान्वयन भएको छ, तर जति हुनुपर्ने हो, त्यति हुन सकेको छैन । संविधानको सबल पक्ष र दुर्बल पक्षको समीक्षा गर्नुपर्ने बेला आएको छ । दुर्बल पक्षलाई सुधार गर्नका लागि संविधान संशोधन गर्नुपर्छ भन्ने विषय उठेको छ ।

**वर्तमान सरकार निर्माणका क्रममा सबैभन्दा ठूलो दल नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) लगायतका दलको बीचमा भएको सम्झौतामा संविधान संशोधन गर्ने विषय पनि उल्लेख गरिएको छ, संविधान संशोधनको विषयलाई तपाईंले कसरी हेर्नु भएको छ ?**

–हामीले वर्तमान सरकार गठन गर्दैंगर्दा भएको सातबुँदे सहमतिमा संविधान संशोधनको विषय पनि उल्लेख गरेका छौँ । पहिलो कुरा, संविधान कार्यान्वयनको अवस्थालाई समीक्षा गर्नुपर्छ । समीक्षा गर्दैगर्दा कुन–कुन विषयमा समीक्षा गर्नुपर्ने हो त्यसलाई निक्र्यौल गरौँ । हिजो संविधान बनाउँदै गर्दा आवश्यक देखिएका कतिपय विषय आज आवश्यक नहुन सक्छ । अथवा ती आवश्यकतालाई पुनः परिभाषित गर्नुपर्ने हो कि हैन ? यद्यपि कुन विषयमा संशोधन गर्ने हो भन्ने विषयको निष्कर्षसम्म सरकार पुगिसकेको छैन । सरकारले संविधान संशोधनका निम्ति ढोका खुल्ला गरेको छ । अब हामीले सबल पक्ष र दुर्बल पक्षको आधारमा संशोधनको विषय टुङ्गो लगाउनुपर्ने छ । सरकारले संशोधनको ढोला खुल्ला गर्दैंगर्दा एउटा प्रश्न उठिरेहको छ । कांग्रेस एमालेले संविधानलाई मास्न खोज्यो, च्यात्न खोज्यो भन्ने गरिएको छ । यस विषयमा हामी के भन्छौ भने संविधान भनेको संशोधन नै गर्न नमिल्ने दस्तावेज होइन । समयअनुसार परिमार्जन गर्दै जाने विषय हो । संविधान संशोधन एक/दुई पटक होइन, आवश्यकताका आधारमा दर्जनौँ पटक पनि संशोधन गर्नुपर्ने हुनसक्छ । हामीले यो कोणबाट सोच्नुपर्छ जस्तो लाग्छ । समानुपातिक÷समावेशिता, धर्म निरपेक्षता, सङ्घीयता, लोकतान्त्रिक गणतन्त्र र सामाजिक न्यायलगायत संविधानको मूल विशेषतालाई थप बलियो बनाउँदै दुर्बल पक्षलाई पनि थप बलियो बनाउने गरी संविधान गर्नुपर्छ । हामी कांग्रेस एमालेको सङ्ख्याको कुरा मात्रै गरिरहेका छैनौँ, संविधान संशोधनको विषय सबैको साझा विषय बनाउन खोज्दैछौँ ।

**अहिले हामीले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास गरिरहेका छौँ, यो अहिलेको हाम्रो सङ्घीयतालाई अझै बलियो र सुध्रिण बनाउन के गर्न सकिन्छ होला ?**

–मुख्यगरी सङ्घीयता भनेको सरकारलाई जनताको घरदैलोमा पु¥याउने भन्ने हो । स्रोत/साधनको केन्द्रीकरणलाई विकेन्द्रीकरण गर्नु हो । राज्यका सबै तह क्षेत्रमा समानुपातिक प्रतिनिधित्व गराउने, राज्यका सबै तहमा जनताको पहुँच पु¥याउने सङ्घीयताको मूल उद्देश्य हो । त्यसकारण मुलुकको समग्र विकासका निम्ति, उपलब्ध स्रोतसाधनको समान रुपमा वितरण गर्नु सङ्घीयताको मूल मर्म हो । वडा तहदेखि रोजगारी सिर्जना गर्ने, नागरिकको गुनासो व्यवस्थापन गर्ने, नागरिकलाई सकारात्मक सन्देश दिने सङ्घीयताको मर्म हो । सङ्घीयताकै माध्यमबाट सुखी नेपाली र समृद्ध नेपालको परिकल्पना गरिएको हो । त्यो भावनालाई पूर्ण रुपमा कार्यान्वयन गर्न संविधानबमोजिम हामीले निर्माण गरेका शासकीय संरचनालाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न आवश्यक छ । त्यसकारण हामीले संविधानमा र कानुनमा अधिकारको विषय लेख्दै गर्दा त्यसलाई कार्यान्वयनको तहमा पुऱ्याउनुपर्छ । नागरिकलाई सङ्घीयताको अनुभूति हुनुपर्छ । अब हामी व्यवहारमा कार्यान्वयन गर्नेतर्फ लाग्नुपर्छ । संविधानले दिएको अधिकारको क्षेत्रभित्र बसेर, संवैधानिक सीमा, दायित्व र अधिकारभित्र बसेर ७५३ वटा स्थानीय सरकार, सातवटा प्रदेश सरकार र सङ्घीय सरकारले काम गरिरहेको छ । नागरिकलाई प्रदान गरिने सेवालाई प्रभावकारी ढङ्गबाट अगाडि बढाउनुपर्छ । त्यसका लागि तीनै तहका सरकारबीच समन्वय, सहकार्य र सहमतिको आवश्यक छ ।

**सरकारले यही वैशाख १९ गते आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम ल्याएको छ, सरकारले ल्याएको नीति तथा कार्यक्रमलाई तपाईंले कसरी हेर्नुभएको छ ?**

–सरकारको नीति तथा कार्यक्रमले उद्यमशील जनताको प्रवद्र्धन गर्न खोजेको छ । विद्यालय शिक्षालाई प्रभावकारी ढङ्गबाट प्रविधिमा जोड्ने विषयलाई प्राथमिकता दिएको छ । प्राविधिक धारसँग जोड्ने कुरालाई जोड दिएको छ । त्यसैगरी, अर्थतन्त्रको विद्यमान सीमाको आकलन गरी समाधानको बाटो ल्यौंल्याएको छ । काम गर्दै पढ्दै गर्ने युवाका निम्ति हप्तामा २० घण्टा काम गर्ने कुरालाई समेटेको छ । त्यसैगरी, क्यान्सरपीडित १४ वर्षभन्दा कम उमेरका बालबालिकालाई निःशुल्क उपचारको कुरा पनि नीति तथा कार्यक्रमले गरेको छ । उत्पीडित र सीमान्तकृत समुदायका विद्यार्थीलाई मेडिकल एजुकेसनको क्षेत्रमा छात्रवृत्तिको कुरालाई महत्व दिएको छ । मुलुकको अहिलेको विद्यमान शासकीय प्रबन्धहरु गणतन्त्र र सङ्घीयताको सबलीकरणका लागि, सुदृढीकरणका लागि आवश्यक कानुन बनाउने कुरालाई जोड दिएको छ । योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई प्राथमिकता र अनिवार्य गर्दै नेपालको सिङ्गो समाजलाई पेन्सलेबल सोसाइटीका रुपमा अगाडि बढाउने नीति तथा कार्यक्रमको अर्को विशेषता हो । ठूला गम्भीर प्रकृतिका रोग लागेका व्यक्तिका निम्ति बिमामार्फत सम्बोधन गर्ने भनिएको छ । नीति तथा कार्यक्रमले अन्तरराष्ट्रियस्तरमा मेडल प्राप्त गर्ने खेलाडी र उनका परिवारको अध्ययनका निम्ति छात्रवृत्तिको व्यवस्था गर्ने कुरा गरेको छ । त्यसकारण आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम अत्यन्त व्यावहारिक छ । प्रगतिशील छ । मुलुकको आजको अर्थतन्त्रलाई चलायमान गर्दै रोजगारी प्रवद्र्धन सिर्जना गर्नेतर्फ नीति तथा कार्यक्रम केन्द्रित छ ।

**तपाईं मकवानपुर जिल्लाबाट निर्वाचित प्रतिनिधिसभाको सदस्य हुनुहुन्छ, निर्वाचनको समयमा त्यहाँका जनतासमक्ष तपाईंले राख्नुभएको प्रतिबद्धता कति पूरा गर्नुभयो ?**

–पहिलो कुरा एउटा सांसदको भूमिका के हो ? उस्ले के गर्नुपर्छ ? सांसदको संवैधानिक अधिकार के हो भन्ने विषयमा प्रस्ट हुनुपर्छ ? त्यसको आधारमा उसको कार्यसम्पादन मूल्याङ्न हुनुपर्छ । तथापि, सामान्यतः सांसद भनेको कानुन निर्माण गर्ने हुन भन्ने बुझिन्छ । त्यो हो पनि ।

तर हामीले निर्वाचनमा विशेष गरी कानुन निर्माणको पाटोभन्दा पनि विकास निर्माणको पाटोलाई बढी प्रचार गरियो । निर्वाचनको समयमा हाम्रो मुख्य काम कानुन निर्माण गर्ने हो भनेर भन्न सकेनौँ । विकास निर्माणको अभियन्ता बनेर काम गर्छौं भनियो । २०७४ सालभन्दा अगाडि केन्द्रीकृत शासन प्रणाली हुँदा त्यो कुरा ठिकै थियो होला । हामी सङ्घीयतामा गइसकेपछि पनि सांसदले वडाअध्यक्ष वा पालिका प्रमुखले गर्ने कुरा गरिरहेका छौँ । तीन तहको सरकारमा गइसकेपछि पनि हामी सांसदले विकासको कुरा गरिरहेका छौँ । तथापि, मैले निर्वाचनको समयमा विकास निर्माणसँग जोडिएका जनताका माग पूरा गर्छु भनेको थिए । जस्तोः एक पालिका, एक आवासीय विद्यालय । त्यसका निम्ति नीति तहमै परिवर्तन गर्छु भनेको थिए । घरघरमा खानेपानीको व्यवस्था गर्छु भनेको थिए । स्रोतसाधन परिचालनका निम्ति सक्दो पहल गर्छु भनेको थिएँ । यी पाटोमा मैले केही सकारात्मक ढङ्गबाट काम गर्न पहल गरेको छु । सडक सञ्जाल मेरो निर्वाचन क्षेत्रको सबैभन्दा ठूलो समस्या हो । पालिकासम्म पुग्ने सडकलाई कालोपत्र गर्न बजेटमा पहल गर्ने काम पनि भइरहेको छ । कतिपय ठाउँमा पुल निर्माण गर्न बजेट व्यवस्थापनमा पहल गर्ने पनि काम भएको छ । खासगरी मानव संसाधान विकासका लागि विभिन्न तहका सरकारसँग समन्वय गरेर सीपमूलक कार्यक्रमका निम्ति पनि मेरो तर्फबाट पहल गर्दै आएको छु । आफ्नो भूमिका कानुन निर्माण गर्ने भए पनि हामीले सडक बनाऔँ, पुल बनाऔँ र विद्यालय बनाऔँ भन्नु परेको छ । पछिल्लो समयमा हामीले सांसदको भूमिका, काम र कर्तव्यका बारेमा पनि समीक्षा गर्नुपर्ने भएको छ ।

**एकातिर, सांसदले कानुन बनाएनन् भन्नेको शृङ्खला बढ्दो छ । अर्कोतिर, बुद्धिजीवी वा बौद्धिक सर्कलले नै कति वटा पुल र बाटो बनाऔँ भनेर प्रश्न गर्ने शृङ्खलाले गर्दा सांसदहरु एकदम अफठ्यारोमा छन् । सांसद केमा केन्द्रित हुनुपर्ने हो । सांसद आफूले आफूलाई कुन भूमिकामा उभ्याउनुपर्ने हो ?**

–सांसदलाई मूल रुपमा विधायकी काममा केन्द्रित गर्नुपर्छ । हामीलाई सांसदका रुपमा कति विकासका काम भए भनेर सोध्नेभन्दा पनि यो रेकर्ड प्रत्येक वडासँग हुनुपर्छ । प्रदेश सरकारसँग हुनुपर्छ । यसो गर्न सकियो भने संसदीय निर्वाचन पनि व्यवस्थित हुन्छ । मितव्ययी हुन्छ । यसो गर्दा गुणस्तरीय हुन्छ ।

प्रणालीको विकास हुन्छ । किनभने एउटा कानुन बनाउन दर्जनौँ पुस्तक बढ्नुपर्ने हुन्छ । देशको कानुनी अभ्यासको अध्ययन गर्नुपर्छ । सबै मान्छेलाई यो रुचि हुँदैन । अहिले वडा वडामा सरकार भएको बेलामा उनीहरुमार्फत विकास गराउने हो ।रासस

# दक्षिण कोरियाको चलचित्र महोत्सवमा नेपाली कलाकार सम्मानित




**काठमाडौँ ।**

दक्षिण कोरियामा आयोजित २६औँ जेओन्जु अन्तरराष्ट्रिय चलचित्र महोत्सवको समापन कार्यक्रममा नेपाली कवि एवं कलाकार जीवन खत्रीसहित कलाकारहरुलाई सम्मान गरिएको छ ।

खत्रीसहित नेपाली कविहरू सुनिलदिप्त राई र दिलीप वान्तवाले मुख्य भूमिकामा अभिनय गरेको डकुमेन्ट्री चलचित्र 'मेसिनको देशमा' महोत्सवमा उत्कृष्ट भई समापन समयको विशेष शो प्राप्त गरेको थियो ।

आयोजकका अनुसार सुरुआती चलचित्र र समापनको चलचित्रलाई विशेष मानिन्छ र यसलाई महोत्सको अनुहार भनिन्छ ।

सो सम्मान खत्रीका साथै डकुमेन्ट्रीकी निर्माता तथा निर्देशक किम ओक यङ, सहायक निर्देशक किम सनहाय, नेपाली भाषाकी अनुवादक इ गिजु मुना र मोहन कार्कीलगायत डकुमेन्ट्री निर्माण टोलीलाई रातो कार्पेटले सम्मान गरिएको हो ।

महोत्सव कोरियाका तीन प्रमुख अन्तरराष्ट्रिय चलचित्र महोत्सवहरू मध्ये एक हो । २६औँ जोओन्जु अन्तरराष्ट्रिय चलचित्र महोत्सव आयोजकका अनुसार महोत्सवकामा विश्वभरबाट दुई हजार ४९७ चलचित्रहरू पेस गरिएका थिए र ५७ देशका २२४ चलचित्रहरू नौ हजार १४८ कथानक चलचित्रहरू र ७६ छोटा चलचित्रहरू) प्रदर्शन गरिएका थिए । तीमध्येबाट उत्कृष्ट दुई चलचित्रलाई सुरुआत र समापनको विशेष शो प्रदान गरिएको थियो ।

दश दिन चलेको महोत्सवमा सुरुआती फिल्म राडु जुडद्वारा निर्देशित 'कन्टिनेन्टल' २५ छनोट भएको थियो भने समापनका लागि काव्य डकुमेन्ट्री चलचित्र 'मेसिनहरूको देशमा' उत्कृष्ट हुँदै समापनको शो पाएको थियो ।

महोत्सव आयोजक समितिका अध्यक्ष मिन वू बेओमले हालसम्मकै संस्करणको उच्चतम रेकर्ड हासिल गर्न कार्यक्रम सफल रहेको बताउनुभयो । सम्मानबाट मुलुकको प्रतिष्ठा अन्तरराष्ट्रियजगत्मा बढेको कवि खत्रीले बताए ।

# सरकारले प्रेस स्वतन्त्रतामा हस्तक्षेप गरेको छैनः मन्त्री गुरुङ



**सुर्खेत ।**

सञ्चार तथा सूचनाप्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले सरकारले स्वतन्त्र प्रेसमाथि हस्तक्षेप नगरेको बताएका छन ।

यहाँबाट प्रकाशन हुँदै आएको युगआह्वान राष्ट्रिय दैनिकको २५ आँ रजतजयन्तीका अवसरमा मंगलवार आयोजित कार्यक्रममा उनले सामाजिक सञ्जाल नियमन विधेयकमा समाजका केही वर्गले गलत अर्थ लगाएका बताए । प्रेस स्वतन्त्रताका नाममा अराजकता बढेको उल्लेख गर्दै उनले यसलाई नियन्त्रण गर्न वर्तमान सरकार क्रियाशील छ भने ।

सामाजिक सञ्जाल नियमनसम्बन्धी विधेयकको मस्यौदा तयारीको क्रममा रहेको उनले बताए । ''हाम्रो देशमा प्रेस स्वतन्त्रताको नाममा अराजकता, अनुशासनहीनता बढ्यो,'' उनले भने, 'यसलाई नियमन गर्नैपर्छ, त्यसकालागि आम सञ्चार विधेयक बनाउने तयारीमा छौँ ।'

साथै मन्त्री गुरुङले कुनै पनि सञ्चारमाध्यमले जातीय सद्भावमा खलल गतिविधि गर्ननहुनेमा जोड दिए । सामाजिक सञ्जाललाई नियमन गर्ने विधेयक शीघ्र पारित गरिने उनले बताए । अनलाइनका कारण साइबर क्राइम बढेको उल्लेख गर्दै उनले ४० हजारभन्दा बढी त्यससम्बन्धी उजुरी दर्ता भएका बताए । सामाजिक सञ्जाल प्रयोग र अभिव्यक्ति स्वतन्त्रताका नाममा समाजमा भ्रम फैलाउन कैसैलाई छुट नभएको मन्त्री गरुङको भनाइ थियो ।

# काठमाडौँ प्लाजामा फोहर पानी प्रशोधन प्रणाली जडान, दैनिक प्रशोधन क्षमता ५ हजार लिटर




**काठमाडौं ।**

काठमाडौँ महानगरपालिकाको केन्द्रीय कार्यालयमा रहेका शौचालयबाट उत्पादन भएको फोहर पानी प्रशोधन गर्न दैनिक ५ हजार लिटर प्रशोधन क्षमताको ट्रिटमेन्ट प्लान्ट स्थापना गरिएको छ ।

बिजुलीबाट चल्ने यो प्रणालीमा एरोबिक र एनएरोबिक दुवै विधिबाट फोहर पानी प्रशोधन गर्छ, यसको लागत करिब २० लाख रुपैयाँ रहेको जनाइएको छ ।

'यो नमूना योजना हो, यसको नतिजा हेरेर विस्तार गर्नेछौँ,' कार्यक्रमका बारेमा जानकारी दिँदै वातावरण व्यवस्थापन विभागका प्रमुख सरिता राईले भनिन, 'काठमाडौँको स्वच्छताका लागि घरेलु फोहर व्यवस्थापनसँगै तरल फोहर व्यवस्थापन आवश्यक छ, सानातिना एकाइमा यसको प्रयोगलाई अहिले हामीले परीक्षण गरेका हौँ ।'

'३ दशमलव ६० मिटर लम्बाइ, १ दशमलव २० मिटर चौडाइ र १ दशमलव ९८ मिटर उचाइ भएको प्लान्टभित्र ४ वटा च्याम्वर छन्,' वरिष्ठ इञ्जिनियर निशा कोइराला प्रणालीको प्राविधिक पक्षका बारेमा जानकारी दिँदै भनिन, 'शौचालयबाट केही ठोससहितको फोहर पानी प्लान्टमा पुगेपछि पहिले सेडिमेन्टेसनबाट तरल र ठोस छुट्टिन्छ । त्यसपछि एनएरोविक विधि (अक्सिजन दिनु नपर्ने विधि) बाट प्रशोधन सुरु हुन्छ । तेस्रो चरणमा एरोविक (अक्सिजन दिनु पर्ने विधि) बाट, चौथो चरणमा फिल्ट्रेसन र डिस इन्फेक्सन गरिन्छ । यसबाट उत्पादन हुने पानी दुर्गन्धरहित हुन्छ । बोटविरुवामा हाल्न मिल्ने हुन्छ ।'

विभागका इञ्जिनियर रामप्रसाद नेपालका अनुसार प्लाजा परिसरमा ७२ वटा शौचालय छन् । नेपालका अनुसार अहिले ४४ वटा शौचालयबाट आउने तरल पानीलाई नमूनाका रुपमा प्रशोधन गरिएको छ । यसबाट प्राप्त भएको नतिजाका आधारमा प्लान्टको क्षमता बढाएर थप शौचालयको तरल पानी मिसाइने छ । प्लाजामा दैनिक करिब ९ हजार लिटर पानीको प्रयोग हुने गरेको उनको भनाइ छ ।

# रौतहटमा चर्को गर्मीका कारण पोखरीका माछा मर्दै, कृषकहरू लाखौंको क्षतिमा

**मधेशदृष्टि**
**रौतहट ।**
चर्को गर्मी र असामान्य तापमानको कारण रौतहट जिल्लामा माछा पालन गर्ने किसानहरू ठूलो संकटमा परेका छन् । जिल्लाको गढीमाई नगरपालिका–४ का कृषक रामप्रित सहनीको दुई बिघा क्षेत्रफलमा फैलिएको माछा पोखरीमा लाखौं रुपैयाँ बराबरका माछा गर्मीका कारण मरेर नष्ट भएका छन् । विगतका वर्षहरूमा राम्रो आम्दानी दिलाउने माछापालन व्यवसाय अहिले सहनी परिवारका लागि आर्थिक विनाशको कारण बनेको छ । सहनीका अनुसार दिनभरि नघट्ने कडा घाम र अत्यधिक तापमानका कारण पोखरीको पानी तातेर माछा मर्न थालेका हुन् । 'पोखरीको पानी यति तात्यो कि माछाहरू पानीमै मर्न थाले । केही दिनभित्रै हजारौं माछा मरे, अहिले बाँकी माछा पनि मर्ने स्थितिमा छन्,' सहनीले दुःखेसो पोख्दै भने । सहनीका अनुसार मृत माछा बेच्न पनि



नसकिने अवस्थामा पुगेको छ । 'धेरै मिहिनेत गरेर माछा पालेका थियौं । अब बेच्ने बेला मरेपछि पाँच लाख रुपैयाँभन्दा बढीको नोक्सानी भयो,' उनले भने । यति ठूलो क्षतिको सामना गर्नु परेकोले घर परिवार कसरी चलाउने भन्ने चिन्ताले उनीहरूको जीवन अस्तव्यस्त भएको छ । पीडित सहनीले स्थानीय सरकारसँग क्षतिपूर्तिको माग गर्दै राहत उपलब्ध गराउन आग्रह गरेका छन् । 'हामीजस्ता माछापालन गरिरहेका किसानहरूका लागि यस्तो गर्मी प्रकोप बन्यो । सरकारले कुनै सहयोग गरेन भने हामी भोकै पर्छौं,' उनले भने । सहनी मात्र नभई रौतहटका अन्य माछापालक कृषकहरू पनि गर्मीको मारमा परेका छन् । धेरैले खेतको उपयोग गरी पोखरी निर्माण गरेर व्यवसायिक माछापालन थालेका थिए । तर, चर्को गर्मीले पोखरी सुक्न थालेपछि माछाको उत्पादन ह्वात्तै घटेको छ । गर्मीका कारण अक्सिजनको कमी, पानीको गहिराइ घट्नु र तातो पानीको कारण माछाहरू बाँच्न सक्ने वातावरण नै समाप्त हुँदै गएको माछा विज्ञहरू बताउँछन् । तापक्रम नियन्त्रण गर्ने पर्याप्त प्रविधि नभएको, सरकारी सहयोगको अभाव र जलस्रोत संरक्षणप्रतिको उदासिनताले समस्यालाई अझ भयावह बनाएको किसानहरूको गुनासो छ । माछापालनले विगतमा वैकल्पिक आम्दानीको राम्रो स्रोत दिएको भए पनि अहिले वातावरणीय परिवर्तन, जलवायु संकट र सरकारी लापरवाहीले यो व्यवसाय संकटमा परेको छ । कृषकहरूले तातोमा पोखरी जोगाउने उपाय, अनुदान, प्रविधि सहयोग र आपतकालीन राहत उपलब्ध गराउन सरकारसँग माग गरेका छन् । यदि आवश्यक उपायहरू तत्काल लागू गरिएनन् भने माछापालन पेशा छाड्नुपर्नेसम्मको अवस्था आउने कृषकहरू बताउँछन् । 'हामीले सपना देखेका थियौं—खेतीको सट्टा माछा पालन गरेर घर चलाउने । तर, गर्मीले त्यो सपना सिध्याइदियो,' एक स्थानीय माछापालकले भने ।

# सरकारको सम्प्रदायिक सोचका कारण हुलाकी राजमार्गको निर्माण कार्य अलपत्रः प्रभु साह

**मधेशदृष्टि**
**काठमाडौं ।**
आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले नेपाल सरकारको विभेदको कारण हुलाकी राजमार्गको निर्माण कार्य अलपत्र अवस्थामा रहेको बताएका छन् । सरकारको सम्प्रदायिक सोचका कारण आज हुलाकी राजमार्गको निर्माण कार्य सम्पन्न नभएको समेत उनले बताए । प्रतिनिधि सभाको मंगलबार बसेको बैठकको विशेष समयमा बोल्दै उनले अरु सडक र राजमार्गमा सरकारले बजेटको सुनिश्चितता गर्दैगर्दा हुलाकी सडकमा बजेटको सुनिश्चितता गर्दै त्यसलाई सम्पन्न किन नगरेको भन्दै उनले सरकारसंग जवाफ माग गरेका छन् । 'सम्मानिय सभामुख महोदय, नेपाल सरकारको विभेदको कारण हुलाकी सडकको निर्माण कार्य अलपत्र छ । म सरकारलाई सोध्न चाहन्छु, के हुलाकी सडक निर्माण भईसक्यो ? की निर्माण भएको छैन् भने बाँकी कार्य ठेक्का प्रक्रियामा छ ? आज दुखका साथ भन्नु पर्छ हुलाकी सडकका कयौं खण्डहरु बाँकी नै छ,' आजपा अध्यक्ष साहले भने । सयौं पुलहरु निर्माण गर्न अझै बाँकी नै रहेको बताउँदै उनले हुलाकी सडकको कयौंखण्ड निर्माण कार्य नहुँदा पूर्व मेचिदेखी पश्चिम महाकालीसम्मका जनताले ओहरदोहर गर्नबाट बञ्चित भएको बताए । झण्डै एक हजार भन्दा लामो सो सडक खण्डको आठ सय किलोमिटर मात्रै निर्माण भएको छ । 'सर्लाहीको गोड्तादेखी बाराको हरनैयासम्मको सडक बाँकी नै छ । पर्साको ठोरीदेखी त्रिवेणीसम्मको सडक अलपत्र नै छ । सिंगै कपिलबस्तु, दांग, बाँकेको सडकखण्ड बाँकी नै छ । यि तमाम सडक खण्डहरु अलपत्र छोडेर कस्तो हुलाकी राजमार्गको परिकल्पना गरिएको हो ?,' आजपा अध्यक्ष साहले भने, 'म सोध्न चाहन्छु, के हुलाकी राजमार्ग भएर मेचिमहाकाली कहिले हिड्न पाउँने हो ? मेचीमहाकालीका जनताले हुलाकी सडक भएर हिड्ने सपना कहिले पुरा हुन्छ ?' सरकारले विभिन्न सडकको ठेक्का प्रक्रिया अगाडी बढाएको र बजेटको सुनिश्चितता गरेको तर हुलाकी राजमार्गको निर्माण कार्य सम्पन्न गर्न सरकारले व्यवस्ता गरेको उनले बताए । 'अहिले देशका बिभिन्न सडकको निर्माण कार्यका लागि अर्थमन्त्रीजीले बजेटको सुनिश्चितता गर्नुभएको छ । झण्डै ५० अर्बको बजेट सुनिश्चितता अर्थमन्त्रीले गर्नुभयो, तर दुर्भाग्य त्यसमा हुलाकी सडक पर्दैन् । दुखका साथ भन्नु पर्छ नेपालको सबभन्दा बढी जनसंख्याले लाभ लिनुपर्ने हुलाकी सडक जो सबैभन्दा पुरानो सडक हो । राष्ट्रिय गौरबको महत्वपूर्ण आयोजना हो । त्यसमा यसरी किन विभेद गर्नुहुन्छ भनेर म सरकारसंग सोध्न चाहन्छु,' आजपा अध्यक्ष सरकारसंग प्रश्न गर्दै भने, 'के दुई तिहाईको सरकार न्याय गर्नका लागि हो की विभेद गर्नका लागि हो ? के नेपाली कांग्रेस र एमाले भन्ने पार्टी तराईमा छ की छैन् ? उनीहरु हुलाकी बाटोमा हिड्छन की हिड्दैनन् ? यदी हिड्छन् भने ति पार्टीका सांसद र नेतालाई सोध्न चाहन्छु अहिले तपाईले महेन्द्रराजमार्गको १५ अर्बको बजेटको सुनिश्चितता दिइरहदा, मदन भण्डारी रोडमा १०अर्ब बजेटको बहुबर्षिय बजेट दिईरहदा, विपी राजमार्गमा १० अर्बको बजेट सुनिश्चितता गर्दैगर्दा मध्य पहाडी लोकमार्गमा ८ अर्बको ठेक्का गर्दैगर्दा हुलाकी किन बिर्षिनुभो ?' दर्जनौ सडकमा अर्थमन्त्रीले ५०औं अर्बको बजेट सुनिश्चितता गरे पनि त्यसमा अलपत्र रहेको हुलाकी राजमार्ग नपर्नुले दुई तिहाईको शक्तिशाली सरकारले तराईका जनतासंग विभेद गरेको उनले बताए । उनले प्रश्न गरे, 'के हुलाकी नेपालमा पर्दैन् ? त्यहाँका जनतासंग यसरी विभेद किन गर्नुहुन्छ ? के हुलाकी बनाउनुपर्ने नै छैन् ? छ भने मलाई बताउँनुस् हुलाकी सडकमा मान्छे कहिले हिडन् पाउँछन् ? अहिले पनि बिराटनगरको मान्छे वीरगंज आउँनुपर्यो भने हुलाकी छोडेर हिड्नुपर्ने हुन्छ । राजविराजको मान्छे जनकपुर आउँन सक्दैन्, जनकपुरको मान्छे वीरगंज आउँन सक्दैन्, वीरगंजको मान्छे त्रिवेणी जानसक्दैन भने यो हुलाकी सडकमा यसरी पैसा किन खेर गर्नुभयो । अहिलेसम्म ६५ अर्ब लगानी भयो तर जम्मा १०÷१२ अर्बका लागि त्यो सडकलाई अलपत्र पार्न मिल्छ ?'

# मधेश प्रदेश खेलकुद परिषद्का सदस्य सचिव गुप्तासँग कराते महासंघको भेट

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल कराते महासंघ मधेश प्रदेश टिमले मंगलबार मधेश प्रदेश खेलकुद परिषद्का नव नियुक्त सदस्य सचिव शिवजी गुप्तासँग औपचारिक भेटघाट कार्यक्रम सम्पन्न गरेको छ । प्रदेश राजधानी जनकपुरधाममा आयोजित कार्यक्रममा महासंघले सचिव गुप्तालाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दै खेलकुदको समग्र उन्नयनका विषयमा छलफल गरेको हो । कार्यक्रम नेपाल कराते महासंघ मधेश प्रदेशका अध्यक्ष रामचन्द्र ठाकुरको नेतृत्वमा सम्पन्न भएको हो । अध्यक्ष ठाकुरले खेलकुद क्षेत्रको व्यापक सुधारका लागि परिषद्को भूमिका महत्त्वपूर्ण हुने बताउँदै सचिव गुप्ताको नियुक्तिलाई सकारात्मक अवसरको रूपमा लिएर सहकार्यको प्रतिबद्धता जनाए । कार्यक्रममा वरिष्ठ कराते प्रशिक्षक जिवछ भगत, मधेश प्रदेश कराते महासंघका सचिव कसम लामा, विभिन्न जिल्ला कार्यसमितिका प्रतिनिधिहरू, नेपाल लोकतान्त्रिक खेलकुद संघका प्रतिनिधिहरू तथा गोजुरियो ओसिकाइ कराते मधेश प्रदेशका अध्यक्ष अखिल मढिकर्मीको विशेष उपस्थिति रहेको थियो । खेलकुद क्षेत्रका समसामयिक चुनौती, संरचनागत समस्या तथा खेलाडीहरूको हकहितसँग सम्बन्धित मुद्दाहरूमा छलफल गरिएको थियो । सहभागीहरूले प्रदेशस्तरमा खेलकुद संरचनाको कमजोर अवस्था, आधारभूत सुविधा र पूर्वाधारको अभाव, प्रशिक्षक तथा खेलाडीहरूको प्रोत्साहनमा देखिएका कमजोरीहरूमाथि गुप्ताको ध्यानाकर्षण गराएका थिए । सचिव गुप्ताले आफू प्रदेशको खेल क्षेत्रको समग्र विकासमा प्रतिवद्ध रहेको बताए । उनले खेल संघसंस्थाहरूबीच समन्वय, पारदर्शिता र योजनाबद्धता अपनाई मधेश प्रदेशलाई खेलकुदको हब बनाउने आफ्नो योजना रहेको सुनाए । कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरूले खेल संघ र खेलकुद परिषद् बीचको सहकार्यलाई अझ मजबुत बनाउँदै पारदर्शी र नीतिनिर्माणमुखी रणनीति अपनाउनुपर्नेमा जोड दिएका थिए । प्रदेश सरकारको नीति तथा बजेट निर्माणमा खेल क्षेत्रको उचित प्रतिनिधित्वको आवश्यकता औंल्याउँदै सहभागीहरूले कराते लगायत सम्पूर्ण खेलकुदको प्रवद्र्धनका लागि दीर्घकालीन योजना निर्माण गर्नुपर्ने धारणा राखे ।

# खरिदार परीक्षा दिएकी एक परीक्षार्थीले उत्तरपुस्तिका बोकेर गइन्, लोकसेवा आयोगद्वारा परीक्षा रद्द

**मधेशदृष्टि**
**महोत्तरी ।**
संघीय लोकसेवा आयोगले खरिदार पदको लिखित परीक्षामा सहभागी एक परीक्षार्थीले उत्तरपुस्तिका आफैँसाथ बोकेर गएपछि सो परीक्षार्थीको परीक्षा रद्द गरेको छ ।

आयोगले मंगलबार सार्वजनिक सूचना जारी गर्दै यस्तो अनियमित व्यवहारप्रति ध्यानाकर्षण भएको जनाउँदै परीक्षा रद्दको निर्णय लिएको हो । घटना वैशाख २० गते रामनन्दन–विशेश्वर क्याम्पस (ख) जलेश्वर परीक्षा केन्द्रमा भएको थियो । जाजरकोटको छेडागाड–३ स्थायी ठेगाना भएकी परीक्षार्थी संगिता थापा खरिदार पदको प्रथम चरणको लिखित परीक्षामा सहभागी भएकी थिइन् । तर, परीक्षा



सम्पन्न भएपछि उनले उत्तरपुस्तिका बुझाउनुको सट्टा आफैँसँगै लिएर केन्द्रबाट बाहिरिएकी थिइन् । आयोगको परीक्षा सञ्चालन शाखाद्वारा जारी सूचनामा भनिएको छ, 'निर्धारित प्रक्रिया र नियम विपरीत परीक्षार्थी संगिता थापाले उत्तरपुस्तिका परीक्षा केन्द्रबाट बाहिर लगेकाले उनको परीक्षा रद्द गरिएको छ ।' आयोगले यस्ता घटनाले परीक्षाको गोपनीयता र निष्पक्षतामा गम्भीर आघात पुर्‍याउने भन्दै कडा चेतावनी पनि दिएको छ ।

घटनापछि आयोगले केन्द्रका निरीक्षकहरूलाई भविष्यमा यस्ता त्रुटि हुन नदिन विशेष सतर्कता अपनाउन निर्देशन दिएको छ ।

# अनुमति नै नलिई आधा दर्जन भन्दा बढी विद्यालय सञ्चालनमा



**मनोज माझी**
**राजविराज ।**
सप्तरीको दुईवटा पालिकामा अनुमति नै नलिई आधा दर्जन भन्दा बढी विद्यालय सञ्चालनमा रहेको पाइएको छ । शिक्षा विकास तथा समन्वय इकाई सप्तरीले शुरु गरेको निजी तथा संस्थागत विद्यालयहरुको अनुगमनका क्रममा कञ्चनरुप नगरपालिकामा दुई र हनुमाननगर कंकालिनी नगरपालिकामा ६ गरि आठ वटा विद्यालय अनुमति बगैर सञ्चालनमा रहेको पाइएको हो । उच्च अदातलत जनकपुर राजविराज इजलासले अनुमति विनाको थप कक्षा संचालन नगर्न÷नगराउन बैशाख १९ मा आदेश दिएपछि समन्वय इकाईले यही बैशाख २८ गते बाट विद्यालयहरुको स्थलगत निरिक्षण तथा अनुगमन शुरु गरेको हो । आइतबार हनुमाननगर कंकालिनी नगरपालिकामा अनुगमन गरेको टोलीले मंगलवार कञ्चनरुप नगरपालिका विद्यालयहरुमा अनुगमन गरेको छ । सो क्रममा कञ्चनरुप नगरपालिकास्थित ब्राइट फ्युचर एकेडमीले ३ कक्षाको अनुमति लिए पनि ७ कक्षासम्म विद्यार्थी भर्ना गरि पठनपाठन गराइरहेको पाइएको छ ।

यस्तै माउन्ट एभरेष्ट विद्या मन्दिरले ६ कक्षासम्मको अनुमति प्राप्त गरे पनि ८ कक्षासम्मको पठनपाठन सञ्चालन गरिरहेको पाइएको शिक्षा समन्वय इकाई सप्तरीका शाखा अधिकृत कमलनाथ यादवले जानकारी दिए ।

यसअघि आइतवार सप्तरीको हनुमाननगर कंकालनी नगरपालिकामा सोही टोलीले अनुगमन गर्दा ६ वटा निजी विद्यालयहरुले अनुमति नलिएर कक्षा संचालन गरेको पाइएको थियो । स्थलगत निरीक्षण तथा अनुगमन टोलीले अनुगमन गर्दा ती दुई पालिकाको निजी तथा संस्थागत ८ वटा विद्यालयहरूले मापदण्ड विपरित अनुमति पाएको भन्दा माथिल्लो तहसम्मको कक्षा संचालन गरेको पाइएको शिक्षा समन्वय इकाई सप्तरीका शाखा अधिकृत यादवले जानकारी दिएका छन् ।

विधि प्रक्रिया नपुर्‍याका तथा अनुमति विना संचालनमा रहेका त्यस्ता विद्यालयहरु उपर कानुनी कारबाही हुने अनुगमन टोलीका प्रमुख यादवले बताए । टोलीमा जिल्ला शिक्षा विकास तथा समन्वय इकाईका शाखा अधिकृत यादव, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि शिवनाथ मण्डल र शाखा प्रमुख हरिनारायण साह लगायतका अधिकारी सहभागि छन् ।

# सडकमा खाल्डै खाल्डाले हैरानी



**मधेशदृष्टि**
**राजविराज ।**
राजविराज नगर क्षेत्रमा विभिन्न सडकमा परेका खाल्डाले साना ठुला सवारी साधन आवतजावतमा सकस हुने गरेको छ । राजविराज नगरपालिका वडा नम्बर–३ स्थित राजदेबी रोड, राजविराज ८ स्थित रुपनी बस पार्क, राजविराज ४ स्थित फुटकर लाईन र माछा बजारसम्म जाने सडक लामो समयदेखि जिर्ण अवस्थामा छन् ।

जसकारण चालक र यात्रुले सास्ती खेप्नु परेको हो । यी सडक खण्डहरुमा त हतपत अटो र सिटी रिक्सा जान पनि मान्दैनन् । कोही कोही चालक जान तयार भएपनि भाडा बढी माग्ने तथा दर्जनौ खाल्डा खुल्डीका कारण गनतव्य पुग्न पनि निकै समय लाग्ने गरेको यात्रुको गुनासो छ । उल्लेखित सडक खण्डको दर्जनौं स्थानमा खाल्डा परेकै कारण गाडी चलाउन पनि समस्या हुने गरेकाले हतपत त्यसमार्गका यात्रु न बोक्ने गरेको सिटी रिक्सा चालक राजविराज ६ निवासी भोला साहको कथन छ ।

सडकका दर्जनौं ठाउँमा खाल्डा परेकै कारण गाडी चलाउन पनि अप्ठ्यारो हुन्छ । चालक साहले भने, 'गाडी धेरै हल्लिने भएकाले यात्रु र विरामीलाई असहज हुने गरेकाले हतपत त्यस रुटका यात्रु लिदैनौ ।' यस रुटमा कमै गाडी चल्दा यात्रुहरु मारमा पर्ने गरेको राजविराज ८ निवासी राजकुमार परियारको भनाइ छ । खाल्डा खुल्डीकै कारण आरामदायी सवारी साधान चल्न छाडेको भन्दै उनले यसतर्फ कसैको ध्यान नपुगेको गुनासोसमेत गरे । कतै ठेकेदार, कतै सडक विभाग त कतै स्थानीय सरकारको लापरवाहीका कारण समयमै सडक नबन्दा यात्रुलाई सास्ती भोग्नु परिरहेको राजविराज ४ का वसन्त साहले सुनाए । उनले यस मार्गबाट विरामी लान पनि कठिन भएको बताए । ठेकेदार कम्पनीले अधुरै र अलपत्र छाडने र सम्बन्धित निकायले पनि चासो नदिँदा यात्रुको बेहाल हुने गरेको भन्दै स्थानीयले अविलम्व जीर्ण सडकको मरमत सम्भार हुनु पर्ने माग गरेका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन